# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक


## नेकपा (विप्लव) भित्र चुनाव बहिस्कारको पक्षमा अधिकांश केन्द्रीय सदस्य



काठमाडौं । नेकपा (विप्लव)भित्र चुनाव बहिस्कारको पक्षमा अधिकांश केन्द्रीय सदस्य देखिएका छन् । जारी केन्द्रीय समिति बैठकमा महासचिव बाँकी ७ पेजमा

वर्ष ६ अङ्क ३८ पूर्णाङ्क २७६ | २०७८ चैत १४ गते सोमबार | Monday, 28 March, 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–

# जिल्ला जिल्लामा बहिस्कार आन्दोलनका खाका तयार पार्दै क्रान्तिकारी माओवादी

काठमाडौं । संसदवादी दलहरू जनतामा विभिन्न आश्वासन बाँड्दै भोट माग्न गाउँ गाउँ छिर्दै गर्दा स्थानीय निर्वाचन बहिस्कार गर्ने निर्णय गरेको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) भने जिल्ला जिल्लामा चुनाव बहिस्कार आन्दोलनका खाका तयार पार्न व्यस्त रहेको छ । चैत्रभित्र जिल्लाका साथै पार्टीको स्थानीय तहसम्मका बैठक बसी पार्टीको केन्द्रीय समितिको बैठकले लिएको निर्णयको प्रभावकारी कार्यान्वयनका लागि मूर्त योजनागत खाकाहरू तयार पारिरहेको छ ।

यसबीचमा प्रदेश ३, ४, ५ र २ का बैठकहरू सम्पन्न भइसकेका छन् भने ६, १ र ७ प्रदेशका बैठकहरू पनि यसै हप्ता बसी चैत्रभित्र जिल्लाहरूका बैठक सकिसक्ने सम्बद्ध पार्टी नेतृत्वले जनाएको छ ।



बैठकले योजना कार्यान्वयनका लागि विभिन्न अभियान दलहरू बनाएर बहिस्कार आन्दोलनलाई प्रभावकारी बनाउन प्रचारात्मकका साथै प्रतिरोध आन्दोलनका खाका समेत तयार पारिएको छ ।

प्रदेश ३ का सेक्रेटरी कमरेड प्रवेशले दिएको जानकारी अनुसार ११ चैत्रमा सम्पन्न बैठकले तयारी, प्रचारात्मक, प्रतिरोध तथा भण्डाफोर गरी तीन चरणमा सम्पन्न हुने गरी दुई महिने बहिस्कार आन्दोलनका कार्यक्रमहरू तय गरिएका छन् ।

प्रदेश ३ ले काठमाडौं उपत्यकामा पार्टीका ९ वटा, विद्यार्थी र मजदुरका दुईदुईवटा गरी १३ वटा अभियान दल बनाइएको छ । तयारीको चरणमा जिल्ला, नगर/गाउँ कमिटिका बैठकहरू सम्पन्न गर्ने, प्रचारात्मक चरणमा पर्चा वितरण, व्यानरिङ्ग तथा भित्ते लेखनलाई व्यापक बनाउने, सामाजिक सञ्जालहरूमा व्यापक रूपमा चुनाव बहिष्कारको प्रचारप्रसार गर्ने, एक अभियानदलमा १ संवाददाताको व्यवस्था मिलाउने, अभियान दलले प्रचार प्रसारको कामलाई व्यवस्थित गर्न सिर्जनशील तरिका अपनाउने, बहिष्कार अभियानमा क्रान्तिकारी संयुक्त मोर्चालाई अग्रभागमा राख्ने आदि काम गर्ने निर्णय गरिएको छ भने प्रतिरोध तथा भण्डाफोर चरणमा बहिस्कार सभा, जुलुसहरू गर्ने निर्णय गरेको छ ।

प्रायः सबै प्रदेशमा यसरी नै तीन चरणमा विभाजन गरी बहिस्कार आन्दोलनका कार्यक्रम बनाइएको पार्टीका स्थायी समिति सदस्य कमरेड राजवीरले जानकारी दिनुभयो । कमरेड राजवीरको विशेष उपस्थितिमा प्रदेश ५ र ४ बाँकी ३ पेजमा

## कथित स्थानीय निर्वाचन बहिस्कार सहितको योजना बनाउदै क्रान्तिकारी माओवादी पश्चिम नवलपरासी



❑ **रवि पाण्डेय/ लक्ष्मी घिमिरे**

नवलपरासी - नेकपा(क्रान्तिकारी माओवादी) पश्चिम नवलपरासीले कथित स्थानीय निर्वाचन बहिस्कार सहितको योजना बनाएको छ ।

शनिवार बर्दघाटमा भएको जिल्ला समितिको बैठकले स्थानीय निर्वाचनलाई शसक्त रूपमा बहिस्कार गर्ने निर्णय गरेको जिल्ला ईञ्चार्ज क्षेत्रबहादुर थापा क्षेत्रीले जानकारी दिनुभयो ।

महंगी, भष्ट्र्चारी, बेथिति र राष्ट्रघाती एमसीसी सम्झौता भएको बेला प्रतिगामी राज्य व्यवस्थाले घोषणा गरेको कथित निर्वाचनलाई शसक्त रूपमा बहिस्कार गर्ने उहाँले बताउनुभयो । राष्ट्रघातका बिरुद्ध संर्घष केन्द्रीत गर्नुपर्ने बेला कथित स्थानीय चुनावको बाँकी ७ पेजमा

# 'असली जनप्रतिनिधि होइन, भ्रष्ट व्यापारी जन्माउने यो चुनाव हामी सशक्त रुपमा बहिस्कार गर्छौं'



सिरहा । नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले आफ्नो पार्टीले स्थानीय तहको निर्वाचन सशक्त रूपमा बहिष्कार गर्ने बताउनु भएको छ । पार्टीको मधेस प्रदेश कमिटीले सोमबार सिरहाको गोलबजारमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा नेता गजुरेलले भ्रष्ट नेता तथा पार्टीहरूले जनतालाई अनैतिक बनाउन खोजेको भन्दै वैशाख ३० को लागि घोषणा गरिएको स्थानीय तहको निर्वाचन बहिष्कार गर्ने बताउनु भएको हो ।

चुनावको घोषणसँगै नेताहरू पैसाको बोरा बोकेर गाउँ पसेको भन्दै नेता गजुरेलले पैसा, मासु र रक्सीमा जनतालाई अल्मल्याएर चुनाव जित्ने व्यवस्था अन्त्य नभएसम्म वास्तविक जनप्रतिनिधि चयन हुन नसक्ने बताउनु भयो । उहाँले एमसीसी परियोजना संसदबाट खारेज गर्नुपर्ने पनि बताउनु भयो । नेता गजुरेलले आफ्नो पार्टी चुनाव बहिष्कारको आन्दोलनमा होमिएको बताउनु भयो । बाँकी ७ पेजमा

# नेपाललाई भूराजनीतिक खेलमा सामेल गराउने प्रयासको विरोध गर्छौं : चिनियाँ विदेशमन्त्री

काठमाडौं । चीनले नेपाललाई भूराजनीतिक खेलमा सामेल गराउने प्रयासको विरोध गर्ने चिनियाँ विदेशमन्त्रीले बताएका छन । नेपाल भ्रमणमा रहेका चिनियाँ विदेशमन्त्री वाङ यीले नेपाली समकक्षी नारायण खड्कासँग भएको भेटमा नेपालको मामिला नेपालीहरूले नै तय गर्नुपर्ने बताएका हुन ।

'नेपालको सम्प्रभुता र स्वतन्त्रता कमजोर पार्ने, अन्तरिम मामिलामा हस्तक्षेप गर्ने र देशमा भू-राजनीतिक खेलमा सामेल गराउने कुनै पनि प्रयासको चीन विरोध गर्छ,' यीको भनाइ उद्धृत गर्दै ग्लोबल टाइम्सले लेखेको छ ।

चीनले नेपालको आन्तरिक परिस्थिति र अन्तर्राष्ट्रिय परिस्थितिमा आएको परिस्थितिले दुई देशको सम्बन्धमा कुनै असर नपर्ने भन्दै यीले भने, 'दुई देशबिचको सम्बन्ध दुवै देशका नेताले तय गरेको दिशामा अघि बढ्छ ।'



नेपालको राष्ट्रिय परिस्थिति अनुकुल विकास गर्न सहयोग गर्ने प्रतिवद्धता जनाउँदै यीले नेपालका सबै राजनीतिक दललाई जनताको आधारभुत र दीर्घकालीत हितका लागि सामुहिक छलफल र परामर्शमा प्रेरित गर्ने बताए ।

चीनले नेपाललाई स्वतन्त्र रूपमा आन्तिरक तथा परराष्ट्र नीतिहरू अवलम्बन गर्न सहयोग गरेको बताउँदै उनले चीनले आकारमा जस्तोसुकै भए पनि सबै देशहरू समान रहेकोले सबै देशको सार्वभौमसत्ता, स्वतन्त्रता र भौगोलिक अखण्डताको सम्मान गर्ने बताए ।

# निर्वाचन सशक्त रूपमा बहिस्कार गर्ने क्रान्तिकारी माओवादी लुम्बिनी प्रदेशको निर्णय




दाङ । नेकपा (क्रान्तिकारी माओवादी) लुम्बिनी प्रदेशको पूर्ण बैठक मंगलबार भालुबाङ्गमा रहेको होटल एभरल्याण्डमा सम्पन्न भएको छ । प्रदेश सेक्रेटरी संकुलको अध्यक्षातामा सम्पन्न बैठकको प्रमुख अतिथि स्थायी कमिटी सदस्य राम सिहं श्रीषको उपस्थितिमा भएको हो।

बैठकले प्रतिगामी रज्यव्यास्थाले घोषणा गरेको कथित निर्वाचनलाई ससक्त रूपमा बहिस्कार गर्नुपर्ने पार्टीको निर्णयलाई कार्यान्वयनमा जोड दिनुपर्ने बिषयमा आवश्यक निर्णय गरिएको छ। भष्टाचार , महङ्गी बेथितिले थला परेको अवस्थामा फेरि चुनावको बाँकी ७ पेजमा

# स्थानीय निर्वाचनको अग्निपरीक्षामा नेपालका क्रान्तिकारी कम्युनिस्टहरु

*लेनिनका अनुसार कुनै पनि कार्यनीति क्रान्तिकारी छ कि सुधारवादी भन्ने कुरा सम्बन्धित पार्टीको निर्देशक विचार के हो र कस्तो राजनीतिक उद्देश्य र लक्ष्य पुरा गर्न त्यो कार्यनीति अवलम्बन गरिएको छ भन्नेबाट निर्धारित हुन्छ । तर क्रान्तिकारी कम्युनिस्टहरुले कहिल्यै पनि रणनैतिक गल्ती गर्नुहुँदैन । गल्ती हुने र हुन सक्ने कार्यनीतिमा नै हो । क्रान्तिलाई बिजयमा पुऱ्याउने कार्यनीति नै हो तर सिध्याउने पनि कार्यनीतिले नै हो । नेकपा(मसाल) हाम्रा अगाडि यस्तै अवस्थाबाट गुज्रीरहेको छ । उसको रणनैतिक गल्ती नहुंदा हुँदै पनि वारमवारको गलत कार्यनीतिले उसलाई क्रमसः सिध्याउने काम गरेको छ । यसले के स्पष्ट हुन्छ भने कार्यनीतिको बाटो असाध्यै जोखिमपूर्ण, घुम्तीपूर्ण हुन्छ तर त्यसका पछाडी महान् संभावनाहरु पनि लुकेका हुन्छन्*



● हुकुमबहादुर सिंह ●

देउवा नेतृत्वको सरकारले यही बैशाख ३० गते स्थानीय नीर्वाचनका लागि मिति निर्धारण गरेको छ । स्थानीय निर्वाचनको प्रश्नमा अहिले वैदेशिक शक्तिकेन्द्रको आडमा देशभित्रका प्रतिक्रियावादी, संशोधनवादी र संसदवादी एकातिर नीर्वाचनको तयारी र नेपालका क्रान्तिकारी कम्युनिस्टहरू अर्कोतिर चुनावको उपयोग कि बहिस्कार ? भन्ने प्रश्नमा ध्रुवीकृत हुने अवस्था सृजना भएको छ ।

देशभित्रका प्रतिक्रियावादी, संशोधनवादी र संसदवादीका लागि चुनावको बाँकी ७ पेजमा

## सम्पादकीय

### संसदीय व्यवस्था र कथित निर्वाचनको व्यापक भण्डाफोर गरौं !

संसदीय व्यवस्था दलाल र भ्रष्टहरूको व्यवस्था हो। यो व्यवस्थाले दलाल पुँजीपति वर्ग, भारतीय विस्तारवादी र अमेरिकी साम्राज्यवादी शक्तिहरूको मात्रै हित रक्षा गर्छ। यसले आम श्रमजीवी शोषित उत्पीडित वर्ग र समुदायको श्रम र पसिना रँजाई गर्छ, लुट्ने र ठग्ने, जाल, झेल र षड्यन्त्रमा फसाएर माकुराले झिंगालाई जालमा पारेर चुसी चुसी मारे झै मार्छ। दलाल तत्वहरूले आफ्नो निहित स्वार्थका लागि देश र जनतालाई नै बेचीखाने व्यवस्था हो- संसदीय व्यवस्था। यो दिनको घाम झैं छर्लङ्ग भइसकेको यथार्थ हो। र, आम श्रमजीवी, शोषित उत्पीडित जनताले बर्षौदेखि अनुभूत गरेको विषय पनि हो।

यही भ्रष्ट, नालायक र निकम्मा व्यवस्था टिकाउन भन्दै आवधिक रूपमा गरिने चुनावको नौटंकी सुरु भएको छ। पाँच वर्षअघि स्थानीय तहमा निर्वाचित कथित जनप्रनिधिहरूले जनताको हितमा के कति काम गरे, उनीहरूले अनावश्यक र जथाभावी कर थोपरेर जनताको कति शोषण गरे, स्थानीय स्रोधसाधन र राज्यको विभिन्न बजेटको कति धेरै दुरूपयोग गरे, उनीहरूले कतिधेरै बेथितिको जग बसाले, सिंहदरबारको भ्रष्टाचार कसरी गाउँ गाउँमा महामारी झै फैलियो, कसरी सोझासिधा जनता थप शोषण र विभेदमा परे, पारिए भन्ने कुराको भुक्तभोगी जनता छन्। १ अर्बभन्दा बढी त स्थानीय तहको पछिल्लो बर्षको बेरुजुबाट नै थाहा हुन्छ कि स्थानीय सरकार पनि कति भ्रष्ट र जनघाती थियो र छ भन्ने कुरा। अहिले खुल्ममखुल्ला जनता, प्राकृतिक स्रोत साधनमाथि लुटखसौट चलिरहेको छ। गाउँ गाउँमा जुग्का सल्बलाएझै जनता ठग्ने, जनता लुट्ने विचौलियाहरूको बिगबिगी छ। जसले देशको कानुन, संविधानको समेत धज्जी उडाउँदै राज्यकै संरक्षणमा गैरकानुनी रूपमा करोड, अरब कुम्ल्याएका छन्, तिनै तस्कर र माफियाहरू संसदवादी दलहरूका उम्मेदबार बनेर गाउँ पस्न थालेका छन्। आफ्नो पक्षमा भोट दिन भन्दै जनतालाई विभिन्न लोभ, लालच, प्रलोभन, डर, धम्की दिन थालेका छन्। भोटका निम्ति उनीहरूको साम, दाम, दण्ड, भेदको ताण्डप र आतंक सुरु भएको छ।

संसदवादी दलहरूमा जसले सबैभन्दा बढी नेतालाई पैसा बुझाउँछ, उसैलाई टिकट दिने प्रचलन बसेको छ। त्यहाँ त्याग, निरन्तरता, इमान्दारिता, निष्ठा र समर्पणको कुनै मूल्यांकन हुँदैन, पैसा खर्च गर्न सक्ने र चुनावमा जे गरेर भए पनि चुनाव जित्ने व्यक्तिलाई उम्मेदबार बनाउने गरिन्छ। लाखौ, करोडौ पैसा खर्चेर चुनाव जित्नेहरूले त्यसको ब्याज, स्याज असुल्न देश र जनतालाई लुट्नेभन्दा अर्को काम गर्दैनन्। गएको पाँच बर्षको अवधिमा पनि कथित जनप्रतिनिधिहरूले त्यही कुरालाई पुष्टि गरिदिएका छन्। आज जनताले कर र महंगीको जुन भारी बोक्नु परेको छ, यो त्यही महंगो चुनाव र भ्रष्ट व्यवस्थाको परिणाम हो। यसपटक कथित उम्मेदवारहरूले गर्ने खर्चको एकमुष्ट मूल्य जनताले नै चुकाउनु पर्छ। देश र जनता दिन दिनै कंगाल बन्दै जाने र मुठ्ठिभर नेता, तस्कर, माफिया, विचौलिया, दलालहरू मोटाउँदै जाने यो संसदीय व्यवस्था र कथित निर्वाचनको आम श्रमजीवी शोषित उत्पीडित जनताका बीचमा व्यापक रूपमा भण्डाफोर गरिन जरुरी छ। देश र जनताको हितका निमित्त यो सबै सचेत नागरिकहरूले गर्नुपर्ने आधारभूत दायित्व पनि हो।

यो संसदीय व्यवस्थालाई जरैदेखि उखेलेर फालेर नेपालमा संघीय जनगणतन्त्रमा आधारित नयाँ जनवादी राज्यव्यवस्थाको स्थापनाका निमित्त नेकपा (क्रान्तिकारी माओवादी)ले यो संसदीय चुनावको व्यापक भण्डाफोरसहित बहिस्कार गर्ने निर्णय गरेको छ। बहिष्कार आन्दोलनलाई प्रभावकारी बनाउन क्रान्तिकारी माओवादीले यतिखेर जिल्ला जिल्लामा ठोस योजना कार्यक्रमक तर्जुमा गरिरहेको छ। यस क्रममा भ्रष्ट संसदीय नेता र उनीहरूका विभिन्न तहका भ्रष्ट कार्यकर्ताको रेकर्ड संकलन गर्ने,सत्ताको आडमा अकूत सम्पत्ति आर्जन गरेका भ्रष्टहरूको रेकर्ड संकलन गरेर देशव्यापी रूपमा नाङ्गेझार पार्ने र नेपाली जनताका बीचमा उभ्याउने, आमसभा, कोणसभा, विरोधिसभा, पर्चा पम्पिलेट , अन्तरक्रियाका माध्यमबाट व्यक्ति र व्यवस्थाको भण्डाफोर गर्ने कार्यक्रमहरू बनाइएका छन्।

तसर्थ, राष्ट्रघाती एमसीसी सम्झौता पास गर्ने, लिम्पियाधुरा-लिपुलेक-कालापानी भूमि फिर्ताका लागि कुनै पहल नगर्ने, भ्रष्ट दलालहरूलाई सचेत जनताले गाउँ गाउँबाट लखेट्न जरुरी छ। सम्पूर्ण देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरू जो यो व्यवस्था र कथित निर्वाचनका विपक्षमा छन्, सबै एकताबद्ध भएर बहिस्कार आन्दोलनसँगै भण्डाफोर आन्दोलनलाई तीव्र पारौं !

परिवर्तनको सम्वाहक





सत्यतथ्य निषपक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# शिक्षासम्बन्धी मार्क्सवादी दृष्टिकोण

*शिक्षामा पनि मार्क्सबादले भिन्न दृष्टिकोण अङ्कार गर्ने गरेको छ। मार्क्सवादी शिक्षाको अन्तिम उद्देश्य पूर्ण मानव बनाउने हो। पुँजीवादी शिक्षा पद्धति दिनानुदिन दिन मान्छेलाई स्वाथी र लोभी, एकलौटीपन बनाएको छ भने मार्क्सवादी शिक्षा पद्धतिले मानिसलाई व्यवहारिक र समाजप्रति उत्तरदायी बनाउँदछ। वर्तमान पुँजीवादी व्यवस्थाको शिक्षा नीति वर्ग समन्वयको शिक्षा नीति हो। परस्पर विरोधी वर्ग बिच समन्वयको आधारमा ज्ञान प्राप्त गर्ने भन्ने शिक्षा नीति हो त्यसो गर्दा सम्पन्न वर्गको स्वार्थ पूरा हुन्छ। वर्तमान व्यवस्थामा विपन्न वर्गका मानिसहरूले बढी परिश्रम गर्न र कम सुविधा लिन बाध्य हुन्छन। साँचो अर्थमा भन्ने हो भने वर्तमान बुर्जुवा शिक्षा सर्वसाधारण जनता र मेहनतका जनताको हित विपरीत छ। तसर्थ पनि मार्क्सवादी शिक्षा दृष्टिकोण वर्तमान शिक्षा प्रणालीको विरूद्धमा छ।*

● मिलन आफन्त ●




मानव जीवनमा शिक्षाको ठुलो महत्त्व छ। शिक्षा प्राप्त व्यक्तिहरू नै अन्धकारबाट प्रकाशमा, अज्ञानताबाट ज्ञानमा, अवन्तिबाट उन्नति र निराशाबाट आशामा पुगेका हुन्छन। यति महत्त्वपूर्ण शिक्षालाई वर्तमान पुँजीवादी संसारमा पैसा कमाउने माध्यम बनाइएको छ.। शिक्षालाई सर्वसाधारणको पहुँच भन्दा माथि पुँयाउने दुष्प्रयत्न भइरहेको छ। त्यसमा पनि वर्तमान शिक्षा प्रणाली अपरीपक्क र अवैज्ञानिक छ। वर्तमान शिक्षा प्राप्त व्यक्तिले अध्ययन पूरा गरिसकेपछि पनि बेरोजगारीको समस्या भोग्नु पर्ने हुन्छ।

जुनसुकै देशको शिक्षा नीति त्यस देशको राजनीतिको मातहतमा रहने हुँदा सामन्ती व्यवस्थामा सामन्त उत्पादन गर्ने योग्यता भएको शिक्षा प्रणाली हुन्छ। बुर्जुवा व्यवस्थामा बुर्जुवा योग्यता भएको जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणाली हुन्छ। जन बादी र समाजवादी व्यवस्थामा जनताका दैनिक समस्या समाधान गर्ने योग्यता भएको जनशक्ति उत्पादन गर्ने शिक्षा प्रणाली लागु गरिन्छ। वास्तवमा शिक्षाका मार्क्सवादी मान्यता प्रयोग गरिएको शिक्षा प्रणाली नै विश्वको सबैभन्दा उत्कृष्ट शिक्षा प्रणाली हो। यस लेखमा हामीले शिक्षा सम्बन्धी मार्क्सवादी दृष्किोणलाई प्रस्ट पार्ने जमकी गरेका छौ।

जुनसुकै व्यवस्थामा पनि आफ्नो वर्गलाई मध्यनजर राखेर शिक्षा नीति तयार गरिएको हुन्छ। त्यसै गरी कम्युनिष्ट व्यवस्थामा सर्वहारा वर्गलाई मध्यनजर गरी शिक्षा ब्यवस्था अपनाइएको हुन्छ। कम्युनिष्ट व्यवस्थामा अपनाउने शिक्षा प्रणाली जन बादी दृष्किोणबाट वा मार्क्सवादी दृष्टिकोणले लेस भएको हुन्छ। मार्क्सवादी दृष्टिकोणमा लेस कम्युनिष्ट शिक्षा प्रणाली प्राप्त जनशक्ति कहिल्यै बेरोजगार हुनु पर्दैन। सबैले काम पाउँछन् , उत्पादन र वितरण व्यवस्थित हुन्छ। जीवनस्तर उच्च हुँदै अघि बढ्छन। असमानता पनि कम हुँदै जान्छ। देश समुन्नतिको मार्गतर्फ अघि बढ्दछ। शिक्षा धनी व्यक्तिको मात्र पेवा नभइकन जनताको पहुँचसम्म पुग्दछ।

विद्यार्थीको चाहना र क्षमता अनुसार उच्च शिक्षासम्म विना रोकतोक अध्ययन गर्न सक्ने वातावरण सृजना हुन्छ। शिक्षाको मापदण्ड धनसम्पति नभै चाहना र क्षमता अनुसार सर्वसुलभ हुन जान्छ। शिक्षा सम्बन्धी मार्क्सवादी दृष्टिकोण यही हो भन्ने कुरा हामीले बुझ्नु पर्दछ। मार्स्र्कवादीको दृष्टिकोण नपुगेको संसारमा कुनै पनि वस्तु छैन। हरेक बस्तु प्रति फरक कोणबाट श्रमजीवी वर्गीय कोणबाट, प्रगतिशिल कोणबाट मार्क्सबादले आफ्नो धारणा बनाउँदछ। राजनीति,अर्थनीति , सांस्कृतिक हरेक क्षेत्रमा आफ्नो मौलिकपन मार्क्सबादीले सिद्ध गरिसकेको छ।

शिक्षामा पनि मार्क्सबादले भिन्न दृष्टिकोण अङ्गकार गर्ने गरेको छ। मार्क्सवादी शिक्षाको अन्तिम उद्देश्य पूर्ण मानव बनाउने हो। पुँजीवादी शिक्षा पद्धति दिनानुदिन दिन मान्छेलाई स्वार्थी र लोभी, एकलौटीपन बनाएको छ भने मार्क्सवादी शिक्षा पद्धतिले मानिसलाई व्यवहारिक र समाजप्रति उत्तरदायी बनाउँदछ। वर्तमान पुँजीवादी व्यवस्थाको शिक्षा नीति वर्ग समन्वयको शिक्षा नीति हो। परस्पर विरोधी वर्ग बिच समन्वयको आधारमा ज्ञान प्राप्त गर्ने भन्ने शिक्षा नीति हो त्यसो गर्दा सम्पन्न वर्गको स्वार्थ पूरा हुन्छ। वर्तमान व्यवस्थामा विपन्न वर्गका मानिसहरूले बढी परिश्रम गर्न र कम सुविधा लिन बाध्य हुन्छन। साँचो अर्थमा भन्ने हो भने वर्तमान बुर्जुवा शिक्षा सर्वसाधारण जनता र मेहनतका जनताको हित विपरीत छ। तसर्थ पनि मार्क्सवादी शिक्षा दृष्टिकोण वर्तमान शिक्षा प्रणालीको विरुद्धमा छ।

मार्क्सवादी शिक्षा प्रणालीले सबै वर्गको होइन, श्रमजीवी सर्वहारा वर्गको सिद्धान्तलाई अङ्गीकार गरेको हुन्छ। यस्ले शोषक र शोषित मध्ये शोषितको पक्ष पोषण गरेको हुन्छ। मार्क्सवादी शिक्षा पुरातन, रुढी बाढी, धार्मिक, अन्धविश्वास ईश्वर भक्ति ढाँचाको होइन, वैज्ञानिक ढाँचाको हुन्छ। विज्ञान र प्रविधिमा आधारित रहेर मात्रै आधुनिक शिक्षा दिन सकिन्छ। लेनिनले भनेका थिए, 'साम्यवादको निर्माण मार्क्सीबादी दृष्टिकोणले लेस आधुनिक शिक्षाको आधारमा मात्र गर्न सकिन्छ। मार्क्सवादी दृष्टिकोणले लेस आधुनिक शिक्षा बेगर साम्यवाद परिकल्पना मात्र रहन जानेछ।'

पुँजीवादी व्यवस्थाको हालीमुहाली रहेको वर्तमान विश्वमा हामी मार्क्सवादी शिक्षा लिनबाट पुर्णरूपमा बन्चित छौं। संसारमा कुनै मार्क्सवादी विद्यालय छैन तर पनि कम्युनिष्ट हिमायतीहरूले स्व(अध्ययनबाट मार्क्सवादी शिक्षालाई अवलम्बन गरिरहेका छन। मार्क्सबादले ज्ञानको स्रोत निम्न ३ किसिमको हुन्छ भन्ने मान्यता राख्दछ। १ ) वर्ग सङ्घर्षको सिलसिलामा प्राप्त हुने ज्ञान २) उत्पादन सङ्घर्षका सिलसिलामा प्राप्त हुने ज्ञान ३) वैज्ञानिक प्रयोगका सिलसिलामा प्राप्त हुने ज्ञान।

अन्तमा के भन्दा अत्युक्ति नहोला भने शिक्षा सम्बन्धी मार्क्सवादी दृष्टिकोण नै शिक्षा सम्बन्धी सबैभन्दा उत्कृष्ट दृष्टिकोण हो। मार्क्सवादी दृष्टिकोणले लेस शिक्षाले मात्र विश्वभरिका जनताको मुहार फेर्न सक्दछ। मार्क्सवादी शिक्षाको लागि हामी विश्ववासीहरूले आ(आफ्नो सरकारलाई दबाब दिनुपर्दछ। अन्यथा हामीले जनवाद, सामाजबादको लागि सङ्घर्ष गर्न पनि पछि पर्नु हुँदैन जहाँ मात्र मार्क्सवादी शिक्षाको निश्चितता हुन्छ। शिक्षा सम्बन्धी मार्क्सवादी दृष्टिकोण अजेय छ, पूर्ण छ , जनताको पक्षमा छ।

# भ्रमको पर्दा



● अशोक शर्मा ●

नयाँ जनवादी क्रान्तिको राजनीतिक कार्यदिशा परित्याग गरि सत्तासाझेदारीको उद्देश्यलाई केन्द्रमा राखी एकीकृत जनक्रान्तिको लाईनमा पार्टीलाई हिडाउन शुरु गरेकै दिन राजनीतिक रूपमा कमरेड विप्लवको चुनावपरस्त राजनीति प्रारम्भ भएको थियो। तर लामो समयसम्म रोमान्चकारी क्रान्तिकारी शबदाडम्वर भित्र लुकेको राजनीतिको यो चुरो कुरो छिप्दै आईरहेको थियो। एकातिर दस्तावेजमा जनयुद्ध र जनविद्रोह दुबै कार्यदिशा समाबेस नगरिकन विना लक्ष्य र उदेश्य संचालित फौजी उदण्डतालाई तीन बुँदे मार्फत सेफ ल्याण्डिङ गरि कथित जनमतसंग्रहको नाममा चुनाबपरस्त गतिविधि मार्फत अगाडि बढाउदै त्यस्को विकसित घटना श्रृङखलाको रूपमा कथित निर्वाचन उपयोग सम्म आइपुदा विप्लव समूह समग्र हिसावले राजनीतिक सुन्यताको अवस्थामा आइपुगेको छ। सारतः आजको स्थितिमा सबैभन्दा धेरै राजनीतिक अकर्मण्यतामा कोहि फसेको छ भने त्यो विप्लव समूह नै हो। चुनाबमा जादा इमानदार र क्रान्तिकारी कार्यकर्ताहरूको ठूलो पङ्क्ति यथास्थितिमा त्यसकालागि तयार नहुने तथा चुनाबमा नजादा मुल नेतृत्वको आजसम्मको यहि उदेश्यमा केन्द्रीत प्रयत्नमा धक्का लाग्ने सारसंग्रीय दलदलमा यो समूह नराम्रो गरि फसेको छ। अध्यक्ष कमरेड माओको भनाई अनुसार भन्ने हो भने यो सबै सहि राजनीतिक कार्यदिशाको अभावमा पैदा भएको राजनीतिक संकट बहेक अरु केहि होइन। अब जसरी तसरी भए पनि विप्लव समूह बहिस्कार वा उपयोग जे भएपनि यो संकटको दलदलवाट मुक्त हुनै पर्ने परिस्थितिमा उभिएको छ। तर जता उभिएपनि कमरेड विप्लवको राजनीति के रहेछ ? भन्ने भ्रमको पर्दा चाहिँ निकै राम्रोसँग खुलेको छ। यो आफैमा निकै महत्त्वपूर्ण पक्ष हो।

# नेपाली नयाँ जनवादी अर्थतन्त्रबारे



● हस्तबहादुर केसी ●

***विदेशी एकाधिकारपुँजी र घरेलु सामन्तवादसंग जोडिएको प्रयाशः राज्यसत्ताको आड लिएको र अधिकांश वित्तीय पुँजीको रुपमा रहेको पुँजीलाई नोकरशाही पुँजी (Bureaucratic Capital) भन्ने गरिन्छ । र यी दुबै पुँजीको जरा विदेशी एकाधिकार पुँजीमा हुने गरेको, दुबैको चरित्र एकाधिकारवादी भएको, उत्पीडित राष्ट्रहरुमा दुबैले प्रत्येक्ष वा परोक्ष रुपमा राज्यसत्ताको आड लिने गरेको, दुबै पुँजी अधिकांस गैर (उत्पादनशील क्षेत्रमा लाग्ने फलस्वरुप राष्ट्रिय औद्योगिक पुँजीको विकासको निम्ति बाधक बन्न गएको र दुबैको चरित्र प्रतिगामी प्रकारको हुने गरेकोले यिनीहरुलाई फरक फरक रुपमा भन्दा एउट नोकरशाही पुँजीको रुपमा विश्लेषण र गणना गर्नु उपयुक्त देखिन्छ***

नेपाल आजसम्म पनि अर्धसामन्ति र नवउपनिवेशी अवस्थामै रहदै आएको छ। त्यसको अर्थ हो यहाँ एकातिर विशाल ग्रामीण भूभागमा सामन्ती प्रकारको आर्थिक सम्बन्ध कायमै छ भने अकीतिर शहरी क्षेत्रहरूमा दलाल तथा नोकरशाही पुँजीवादको बोलवाला छ। त्यसैले नेपालका गाउँले किसान तथा शहरीया मजदुरहरू एकैसाथ दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादवाट शोशीत तथा उत्पीडित छन ।

विशाल संख्यामा रहेको शोषित र उत्पीडित जनसमुदायलाई पूर्णरूपले मुक्त गरि उनीहरूलाई सम्पन्नता र विकासको बाटोमा अगाडि बढाउन नेपालमा हाल कायम रहेको दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादी वर्गको राज्यसत्ता अन्त्य गरि त्यसको सट्टामा नयाँ जनवादी राज्यसत्ता कायम गरिनुपर्छ भन्ने नेपालका क्रान्तिकारी कम्युनिस्टहरूको नीति र कार्यक्रम रहदै आएको छ ।

तर यहाँ केही कम्युनिस्ट आवरणका कम्युनिस्ट पार्टीहरूले र उत्तर मार्क्सवादी ( नव मार्क्सवादीहरूले राजतन्त्रको अन्त्य गरि लोकतान्त्रिक गणतन्त्रको स्थापनासंगै नयाँ जनवादी क्रान्ति भइसक्यो, अब समाजवादी क्रान्ति गर्ने हो भन्ने बकवास गरेर नेपाली जनतामाथि भ्रम सिर्जना गरिरहेका छ ।

वास्तविकता के हो त ? नेपालमा नयाँ जनवादी क्रान्ति सम्भव छ कि छैन ? नयाँ जनवाद अर्थतन्त्रको स्वरूप कस्तो हुन्छ ? त्यसको निर्माण कसरी गरिन्छ ? नेपालमा त्यो सम्भव छ कि छैन ? आदि विषयमा आमजनताको जिज्ञासा रहनु स्वाभाविक छ। यो लेखमा यिनै केही विषयहरूबारे प्रकाश पार्ने कोसिस गरिएको छ ।

***१ नयाँ जनवादको आर्थिक नीतिबारे***

नयाँ जनवाद भनेको सामन्तवाद र दलाल तथा नोकरशाही पुँजीवादको अन्त्य गरि सर्वहारा वर्गको नेतृत्वमा र मजदुर ( किसान एकताका आधारमा निर्माण गरिने नयाँ प्रकारको पुँजीवाद हो । यसलाई नयाँ भन्नुको अर्थ यो हो कि पुँजीवादमा मात्र सिमित नरही वैज्ञानिक समाजवादतिर उन्मुख हुने पुँजीवाद हो, त्यस अवस्थामा राष्ट्रिय पुँजीपतिवर्ग र धनी किसान वर्गसम्म अटाउँछन् ।

त्यसैले नयाँ जनवादी अर्थतन्त्रमा सामन्तवादको अन्त्य हुनुको साथसाथै पुरानो प्रकारको पुँजीवादको एकाधिकारवादी र असमान तथा विषम विकासको प्रबृत्तिमाथि नियन्त्रण गरि वैज्ञानिक समाजवादमा रूपान्तरण हुने प्रक्रिया समाविष्ट हुन्छ । अर्थात यो सर्वहारा वर्गको नेतृत्वमा वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लामो आर्थिक ( सामाजिक प्रक्रियाको प्रारम्भिक चरण हो र नयाँ जनवादका सबै आर्थिक नीतिहरू त्यसै दिशातिर परिलक्षित हुन्छन ।

नेपालमा नयाँ जनवादका आर्थिक नीतिहरूलाई निम्न बुँदाहरूमा संक्षेपमा राख्न सकिन्छ

***२ (क) सामन्तवादको अन्त्य***

नेपाली अर्थतन्त्र अहिलेसम्म कृषिप्रधान छ र कृषिमा सामन्ती श्रम सम्बन्ध नै मूल रूपमा विद्यमान छ । हुन त आफ्नो स्वामित्वको जमिन आफै जोत्ने भूस्वामी जोताहाहरूको संख्या देशभरमा अत्यधिक छ र पहाड र हिमाली भेगमा त्यो धेरै हदसम्म सत्य पनि हो, तैपनि खासगरी तराई र भित्री मधेसमा ठूलो मात्रामा तथा पहाडमा पनि उल्लेख्य मात्रामा जमिनमाथि सामन्ती स्वामित्व कायमै छ ।

ठूला जमिन्दारका नाममा, हिजोका राजा ( रजौटाहरू, शाहसमान्तहरू, राणा परिवारहरू, गुठीका नाममा, मठमन्दिरका नाममा, मौजावालहरूका नाममा, पुराना दरवारका भाईभार्दारहरूका नाममा, विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरूका नाममा अहिले पनि लाखौं (करोडौं विघा जमिन रहेको छ । नयाँ जनवादी क्रान्तिले उनीहरूको जमिन जफत गरेर भूमिहिन किसानहरूलाई वितरण गरिन्छ । जमिन जोत्नेको नाममा कायम गरिन्छ । कृषिमा औद्योगिक क्रान्ति गरिन्छ। किसानहरूलाई जमिनको मालिक बनाइन्छ ।

त्यसैले सबै प्रकारका सामन्ती सम्बन्धहरूको अन्त्य गर्नु नयाँ जनवादी अर्थतन्त्रको मूल नीति हो ।ठोस रूपमा भन्नुपर्दा सामन्तहरूको (माथि उल्लेखित व्यक्तिहरूको नाममा रहेको) जमिन खोसेर विना मुआब्जा भूमिहिन तथा गरिबकिसानहरूमा वितरण गर्नु अर्थात जमिनमाथि ू जसको जोत उसको पोत ू लागु गर्नु नयाँ जनवादको आधारभूत अर्थनीति हो । त्यसरी नै किसानहरूलाई सम्पूर्ण रूपले ऋणमुक्त गर्नु, उत्पादनका साधन र आफ्नो श्रममाथि किसानहरूको पूर्ण स्वामित्व कायम गर्नु र सबै प्रकारका गैर ( आर्थिक दबाबको अन्त्य गरि किसानहरूलाई पूर्णरूपले स्वतन्त्र बनाउनु नयाँ जनवादको अर्थनीति हो । साथै गरीब, साना तथा मध्यम किसानहरूलाई आघात नपर्ने गरि धनी किसानहरूको संरक्षण गर्ने नीति पनि नयाँ जनवादमा हुनेछ ।

समग्रमा भन्नुपर्दा नयाँ जनवाद भनेको उत्पादनको साधनमाथि व्यक्तिगत स्वामित्व कायम रहेको तर सामन्ती शोषणको अन्त्य भएको नयाँ प्रकारका पुँजीवादी अर्थव्यवस्था हो ।

***२ (ख) दलाल तथा नोकरशाही पुँजीवादको उन्मुलन र राष्ट्रिय अर्थतन्त्रको विकास***

खासगरी हाम्रो देश नेपाल सुगौली (सन १८१६) पछि तत्कालीन बृटिश भारतको अर्थउपनिवेश र सन १९४७ पछि मूलरूपमा भारतीय विस्तारवादको अर्थउपनिवेशको रूपमा कायम रहँदै आएकोले यहाँ राष्ट्रिय पुँजीको सञ्चय र विकासको प्रक्रिया अबरुद्ध हुँदै आएको छ र त्यसको सट्टामा यहाँ स्वदेशी सामन्तवाद र विदेशी साम्राज्यवाद र विस्तारवादको ठिमाहा सन्तानको रूपमा दलाल तथा नोकरशाही पुँजीवादको विकास भएको छ । सामान्यतया विदेशी एकाधिकारको पुँजीको अंग वा एजेन्टको रूपमा काम गर्ने, आर्जित मुनाफाको अत्यधिक अंश विदेशतिरै फर्काउने तर राज्यसँग नजोडिएको पुँजीलाई दलाल पुँजी (Comprador Capital) भनिन्छ ।

त्यस्तै विदेशी एकाधिकारपुँजी र घरेलु सामन्तवादसंग जोडिएको प्रयाशः राज्यसत्ताको आड लिएको र अधिकांश वित्तीय पुँजीको रूपमा रहेको पुँजीलाई नोकरशाही पुँजी (Bureaucratic Capital) भन्ने गरिन्छ । र यी दुबै पुँजीको जरा विदेशी एकाधिकार पुँजीमा हुने गरेको, दुबैको चरित्र एकाधिकारवादी भएको, उत्पीडित राष्ट्रहरूमा दुबैले प्रत्येक्ष वा परोक्ष रूपमा राज्यसत्ताको आड लिने गरेको, दुबै पुँजी अधिकांस गैर (उत्पादनशील क्षेत्रमा लाग्ने फलस्वरूप राष्ट्रिय औद्योगिक पुँजीको विकासको निम्ति बाधक बन्न गएको र दुबैको चरित्र प्रतिगामी प्रकारको हुने गरेकोले यिनीहरूलाई फरक फरक रूपमा भन्दा एउट नोकरशाही पुँजीको रूपमा विश्लेषण र गणना गर्नु उपयुक्त देखिन्छ ।

त्यसैले नयाँ जनवादी अर्थनीतिको एउटा प्रमुख आधार दलाल तथा नोकरशाही पुँजीवादलाई पूर्णरूपले जफत गरेर राष्ट्रियकरण गर्ने र राष्ट्रिय औद्योगिक पुँजीको विकास गर्नु हुनेछ । त्यस अन्तर्गत देशलाई विदेशी ऋणबाट मुक्त गर्ने, विदेशी बैंकमा थुपारिएको पुँजी स्वदेश फिर्ता गरि राष्ट्रियकरण गर्ने, व्यापारिक र वित्तीय क्षेत्रमा रुमल्लिएको पुँजीलाई औद्योगिक क्षेत्रमा प्रवाहित गर्ने, स्वदेशी कच्चा पदार्थ र बजारमा आधारित उद्योगलाई प्रश्रय दिने, साना तथा घरेलु उद्योगहरूलाई विशेष सुबिधा, सहुलियत र संरक्षण दिने आदि नीति लागु हुनेछन । सार्वजनिक जीवनमा असर गर्ने तथा अर्थतन्त्रका आधारभूत उद्योग र व्यापार तथा विदेश व्यापार राज्यबाट सञ्चालित र नियन्त्रित हुनेछन ।

***२ (ग) सन्तुलित र आत्मनिर्भर अर्थतन्त्रको विकास***

सामान्तवाद, दलाल तथा नोकरशाही पुँजीवादको चरित्र स्वभावैले एकातिरवादी हुन्छ । त्यसैले त्यस्तो आर्थिक संरचनामा सबै क्षेत्रमा असन्तुलन र असमानता अपरिहार्य हुन्छ ।नेपालको वर्तमान सन्दर्भमा कृषि,उद्योग र व्यापारको क्षेत्रमा रहेको असन्तुलनलाई गाउँ र शहरबीचको असमानता, तराई पहाड र हिमाली भेग अथवा पूर्व, मध्य र पश्चिमका भौगोलिक क्षेत्रहरूबीचमा विकासको असमानता टड्कारो रूपमा देख्न सकिन्छ। व्यापारको क्षेत्रमा रहेको दलाल दलालपुँजीपतिहरूको एकाधिकारको कारणले वस्तुहरूको कृतिम अभाव र अराजकतापूर्ण प्रकारको मूल्यवृद्धको मार आम जनता सहनु परिरहेको छ ।

आज देशको अर्थतन्त्र दलाल तथा नोकरशाहीहरू माफियाहरू, विचौलियाहरू, तस्करहरू ठेकेदारहरू, कालाव्यापारीहरू, मुनाफाखोरहरू भष्टचारीहरू, भूमाफियाहरू, साम्राज्यवाद तथा विस्तारवादका एजेन्टहरूले चलाइरहेका छन् ।

सामन्तवादी कृषि अर्थतन्त्रको पछौटेपन र नोकरशाही पुँजीवादको एकाधिकारवादी चरित्रको कारण देशमा रोजगारीको अवसर ज्यादै कम भएर आज लाखौं युवा शक्ति विदेश पलायन भइरहेको छ। यहाँका दलाल शासकहरूले रेमिटेन्सलाई मुलुकको प्रमुख श्रोत मान्दै आएका छन् ।

नेपाली नयाँ जनवादी क्रान्तिले यस प्रकारको अर्थनीतिलाई ध्वस्त पारेर देश र जनताको लागि सन्तुलित र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दछ। नयाँ जनवादमा आधारित वैज्ञानिक समाजवाद हुँदै साम्यवादसम्म पुग्ने अर्थनीतिको विकास गर्दछ ।

***२ (घ) वैज्ञानिक समाजवाद तर्फ उन्मुख अर्थतन्त्रको विकास***

नयाँ जनवादी अर्थतन्त्र मूल रूपमा पुँजीवादी अर्थतन्त्र नै भए पनि यो नयाँ हुनुको मूल कारण यसको वैज्ञानिक समाजवाद उन्मुख चरित्र नै हो । वर्तमान साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा उत्पीडित राष्ट्रहरूमा स्वतन्त्र रूपले पुरानो प्रकारको पुँजीवादको विकासको सम्भावना छैन । माथि उल्लेख भए झै हाम्रो जस्तो देश नेपालमा दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवादको अन्त्य नयाँ जनवादी क्रान्तिले गरेपछि त्यहाँ सर्वहारा वर्गको नेतृत्वमा निर्माण हुने नयाँ प्रकारको पुँजीवादी संरचना ज्यादै छोटो अवधिको निम्ति र वैज्ञानिक समाजवादमा शीघ्र संक्रमणको निम्ति मात्रै हुन्छ ।त्यसै नयाँ जनवादी अर्थव्यवस्थामा शुरुदेखि नै वैज्ञानिक समाजवादका भ्रुणहरू अर्थतन्त्रका विभिन्न हाँगा, विङ्गा हरूमा विभिन्न प्रकारले रोप्ने र हुर्काउने प्रयास भइरहेको हुनुपर्छ ।

किसानहरूमा पनि वैज्ञानिक समाजवादी चेतना विकास गर्नुपर्ने हुन्छ। त्यसरी नै अर्थतन्त्रका अरु क्षेत्रहरूमा पनि क्रमशः उत्पादनका साधनमाथि सामूहिक स्वामित्व कायम गर्ने र सामूहिक श्रम गर्ने पध्दति विकास गरेर वैज्ञानिक समाजवादमा संक्रमण गर्ने आधार तयार गर्नुपर्छ ।

***३ नेपाली नयाँ जनवादी क्रान्तिको नेतृत्व***

नेपालमा नयाँ जनवादी क्रान्तिको नेतृत्व नेपाली सर्वहारा वर्गको राजनीतिक संगठित अग्रदस्ता क्रान्तिकारी कम्युनिस्ट पार्टीले गर्ने हो र हुदै पनि आएको छ। अर्थात मार्क्सवाद –लेनिनवाद– माओवादको पथप्रदर्शकमा मजदुर ( किसान एकताका आधारमा क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरिन्छ ।

***४ नेपाली नयाँ जनवादी क्रान्तिको कार्यदिशा र क्रान्तिको मोडेल***

आजसम्म विश्वमा दुईवटा क्रान्तिका मोडेलहरू प्रयोगमा आएका छन्, ती हुन् ( रुसी मोडेल र सशस्त्र जनविद्रोहको मोडेल र दीर्घकालीन सशस्त्र जनयुद्धको मोडेल महान् चिनिया नयाँ जनवादी क्रान्तिको मोडेल ।

नेपाल २०५२ साल फागुन १ देखि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को पहलमा सञ्चालन गरिएको महान दस वर्षे सशस्त्र जनयुद्ध चिनिया मोडेलको सशस्त्र जनयुद्धको मोडेल थियो। त्यो मोडेल हामीले प्रयोग गरिसकेका छौ ।

अब आजको नेपालको विशिष्ट परिस्थितिमा गरिने नेपाली नयाँ जनवादी क्रान्तिको कार्यदिशा अर्थात् क्रान्तिको मोडेल भनेको सशस्त्र जनविद्रोहको मोडेल हो, जुन रुसी अक्टोबर क्रान्तिको जस्तो नभएर नेपाली विशिष्टतामा आधारित शहरबाट केन्द्रीय सत्ता कब्जा गरेर क्रान्तिलाई गाउँतिर लैजाने क्रान्तिको मोडेल हो, जो नयाँ चरित्रको हुनेछ ।

त्यसैले शहरलाई क्रान्तिको अग्रभाग र गाउँलाई पृष्ठभागमा राखेर क्रान्तिको तयारी गर्ने कार्य दिशा नै वर्तमान नेपाली नयाँ जनवादी क्रान्तिको सामरिक कार्यदिशा हो ।

सशस्त्र जनविद्रोहको कार्यदिशाबाट क्रान्ति सम्पन्न गर्न सकिएन भने पुनः नेपाली क्रान्तिको बाटो छापामार शैलीमा फर्कनु पर्नेहुन्छ। त्यसो भएर कमरेड माओले भन्नुभएको छ, हामीले छापामार युध्दलाई कहिल्यै भुल्नु हुँदैन ।

*(केसी अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन् ।)*

# कार्लमार्क्सको विश्लेषण : धर्म वेदनाले भरिएको सुस्केरा – कार्ल मार्क्स

जर्मनीमा धर्मको आलोचना मुख्यतः पूरा भइसकेको छ र, धर्मको आलोचना नै समस्त आलोचनाहरूको पूर्वाधार हो ।

भूलबाट सम्बन्धित दिव्य भाषण (Oratio pro aris et focis) लाई जतिबेला तिरस्कार गरिन्छ, त्यतिबेला त्यसको अपवित्र लौकिक अस्तित्व पनि उदाङ्ग हुन्छ। मान्छेले स्वर्गको काल्पनिक यथार्थतामा कुनै महामानवको खोजी गरिरहेको थियो, तर त्यसलाई आफ्नो प्रतिविम्बबाहेक त्यहाँ केही पनि प्राप्त भएन । त्यसपछि अब उसले जहाँसुकै आफ्नो वास्तविक यथार्थताको खोजी गर्दछ र गर्नेछ, त्यहाँ उसलाई स्वयं आफ्नै रूपको, अर्थात अमानवीय (unmenso) उपायबाहेक अरु केही हात लाग्ने छैन ।

धर्मले मानिसको सिर्जना गर्ने नभई धर्मको रचना मानिसले गर्दछ। यो नै गैरधार्मिक आलोचनाको आधार हो। धर्म वास्तबमा यस्तो व्यक्तिको आत्माचेतना वा आत्मानुभाव हो जसले अहिलेसम्म स्वंयले आफ्नो पहिचान गरेको छैन या जसले आफूलाई आफूबाट फेरि एकपटक गुमाएको छ । मानिसको दुनियाँभन्दा बाहिर उसको कुनै अमूर्त अस्तित्व हुँदैन। उसको राज्यसत्ता एवं समाज नै मानिस आफै हो। यो राज्यसत्ता र समाजले सिर्जना गरेको धर्म उल्टो चेतना हो, किनकी यो दुनियाँ आँफैमा एक उल्टो दुनियाँ हो । धर्म यो दुनियाँको सामान्य सिद्दान्त हो, धर्मको विश्वज्ञानकोष छ, यस चिन्तनको प्रचलित तर्क छ, यसको आध्यात्मिकता शिखर विन्दू हो, यसको उत्साह छ, यसको नैतिक मान्यता छ, यसको पवित्र पूरक छ, यसको सत्य तथा न्यायसंगत देखाउने सार्वभौमिक आधार छ। धर्म मानवीय सारतत्वको काल्पनिक बोध हो र मानवीय सारतत्वको खाँटी वास्तविकता थाहा नभएका कारण यसको आवश्यकता पनि छ। त्यसैले धर्मविरुद्ध संघर्ष परोक्ष रूपले त्यो अध्यात्मिक दुनियाँविरुद्धको संघर्ष हो जो धर्मको साहारामा रहेको छ ।

धर्म थिचिएका र दबिएका मानिसहरूको वेदनाले भरिएको सुस्केरा हो, यो हृदयहीन दुनियाँको हृदय र आत्मविहीन परिस्थितिको आत्मा हो। धार्मिक पीडा एकै पटक र एकै समयमा वास्तविक पीडाको अभिव्यक्ति र त्यसको विरोध पनि हो। यो आम जनताका लागि अफिम हो। धर्मको उन्मुलन भनेको वास्तवमा आम जनताका लागि भ्रामक सुखको स्थानमा वास्तविक सुखको माग हो। आफ्नो वास्तविक परिस्थितिसम्बद्ध विभ्रम परित्याग गर्ने सर्वसाधारणको चाहना, त्यो परिस्थितिलाई माथ दिने आर्तनाद हो जसले यो विभ्रमलाई अपरिहार्य बनाइरहेको छ । यथार्थमा धर्मको आलोचना सोचीसम्झी गरिएको आँशुको त्यो सागरको आलोचना हो जसको अन्तर्यमा धर्म रहेको छ। धर्मको आलोचनाले काल्पनिक फूलको सुगन्धित र सुसज्जित मानवीय जञ्जिरलाई तोडेको छ, यसकारण कि उनीहरू स्वयंलाई यी जन्जिरबाट मुक्त गरी जिन्दगीको आनन्द लिन सकुन ।

धर्मको आलोचनाले मानिसको तर्कशक्तिलाई उजागर गरिदिन्छ ता कि मानिसले सोच्न सकोस्, कार्य गर्न सकोस् र आफ्नो वास्तविकताबारे पूर्ण रूपले बुझेर त्यसलाई आकार दिन सकोस्। ऊ आफ्नो कक्षमा घुमेको स्वयं आफ्नो सूर्य बन्न सकोस्। धर्म एक झूटो सूर्य हो जो दिग्भ्रमित मानिसको वरिपरि परिक्रमा गर्दछ । तसर्थ यो इतिहासको भूमिका होस् कि जसले परलौकिक सत्यको पतन भएपछि इहलौकिक सत्यको स्थापना गरोस्। त्यस्तै दर्शनको भूमिका यो होस् कि उसले इतिहासको सेवामा मानिसको आत्मअलगावको अलौकिक आभासलाई समाप्त गरेपछि यसको लौकिक स्वरूप पनि प्रष्ट पारोस्। परिणामतः स्वर्गको आलोचना धर्तीको आलोचनामा, धर्मको आलोचना कानुनको आलोचनामा तथा धर्मशास्त्रको आलोचना राजनीतिको आलोचनामा रूपान्तरित हुनसकोस् ।

*(प्रस्तुत सामाग्री 'क्रिटिक अफ हेगेल्स फेलोसपि अफ ल' को भूमिकाबाट लिइएको हो । हिन्दीबाट भाषान्तर गरिएको मार्क्सको यो सामाग्री पठनीय ठानी प्रकाशन गरिएको हो । -सम्पादक)*

## जिल्ला जिल्लामा...

को बैठक सम्पन्न भएको छ ।

प्रदेश १ का सेक्रेटरी कमरेड उदयका अनुसार सोमबार सचिवालय र मंगलबार प्रदेशको बैठक बसेर प्रदेशको सापेक्षतामा केन्द्रीय योजनालाई ठोस गरिदैछ ।

यता प्रदेश २ का इन्चार्ज कमरेड रमेशका अनुसार प्रदेश बैठक सकेर तीनवटा जिल्लाको बैठक समेत सकिएको छ । प्रदेश र जिल्लाका सापेक्षतामा मूर्त मूर्त बहिस्कार आन्दोलनका योजनाहरू बनाइएको छ ।

क्रान्तिकारी माओवादीको हालै सम्पन्न बैठकले प्रतिक्रियावादी, अवसरवादी तथा भ्रष्ट तत्वहरूद्वारा पैसाको खोलो बगाउने भएको, चरम रूपमा साधन स्रोतको दुरूपयोग तथा शक्ति प्रदर्शन गर्ने देखिएको, स्वच्छ तथा निष्पक्ष निर्वाचनको कुनै संभावना नरहेको, प्रतिक्रियावादी राज्यसत्ताका तीनओटै अङ्ग असफल सावित हुँदै गए पनि नोकरशाही राज्य संयन्त्रको बलमा यो सत्ता तथा व्यवस्था टिक्न पुगेको, अहिले संसदमा राष्ट्रघाती एमसीसी अनुमोदन गर्ने काममा नेकाका साथै कम्युनिस्ट नामधारी माके, एकीकृत समाजवादी, एमाले लगायतका राजनीतिक दलहरूद्वारा अमेरिकी साम्राज्यवादको चरम दलाली तथा राष्ट्रिय गद्दारी गरिएको स्थितिमा तिनको अझै भण्डाफोर गर्न अति जरुरी भएको, निर्वाचन उपयोगको प्रश्न हरेक दृष्टिले सार्थक बन्ने संभावना नरहेको र पार्टीको क्रान्तिकारी छवि उपयोग होइन वहिष्कारद्वारा नै समुज्ज्वल हुने देखिएकोले स्थानीय निर्वाचनको बहिष्कार गर्ने नीति अवलम्बन गर्ने निर्णय गरेको थियो ।

केन्द्रीय समितिको बैठकले प्रत्येक प्रदेश समिति र जवस मोर्चाहरूले संयुक्त रूपमा जिल्ला तथा स्थानीय तहकेन्द्रित बहिष्कार आन्दोलनको दुई महिने अभियान बनाई प्रभावकारी रूपमा जनपरिचालन गर्ने, जवस मोर्चामा कार्यरत केन्द्रीय नेतृत्वहरू सम्बन्धित प्रदेशको अभियानमा सहभागी हुने निर्णय गरेको थियो ।

केन्द्रीय समितिको बैठकले बहिष्कार आन्दोलनका मूल नाराहरू समेत तय गरेको छ । कथित स्थानीय निर्वाचन बहिष्कार गरौं !, राष्ट्रघाती एमसीसी सम्झौता- खारेज गर !, भारतीय अतिक्रमित कालापानी क्षेत्र - मुक्त गरौं !, संघीय जनगणतन्त्र - स्थापना गरौं !, नयाँ जनवादी क्रान्ति - जिन्दावाद !, मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद!,ने.क.पा.(क्रान्तिकारी माओवादी) - जिन्दावाद !, प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्था - मुर्दावाद !, तीय विस्तारवाद,अमेरिकीसाम्राज्यवाद, दक्षिणपन्थी संशोधनवाद - मुर्दावाद !, वीर सहिदहरू - लालसलाम ! आदि नाराहरू तय गरिएका हुन् ।

आन्दोलनको प्रचारका साधनहरूमा पर्चा, पोष्टर, भित्तेलेखन, ब्यानरिङ्ग र कोणसभा, जनसभा सहित नयाँ प्रविधि समेत उपयोग गर्ने निर्णय गरिएको छ ।

# राष्ट्रघाती एमसीसी सम्झौताको विरुद्ध ६ पार्टी सम्बद्ध जातीय/क्षेत्रीय मोर्चाहरूको विरोधसभा सम्पन्न






काठमाडौं । ६ राजनीतिक दल र २ मोर्चा सम्बद्ध जातीय/क्षेत्रीय मोर्चाहरूले आइतबार (चैत ६) गते काठमाडौंको रत्नपार्क स्थित शान्तिवाटिकामा राष्ट्रघाती एमसीसीका विरुद्ध बिरोध सभा सम्पन्न गरेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल आदिवासी जनजाति महासंघसहितका जातीय क्षेत्रीय मोर्चाहरूले संयुक्त रूपमा आयोजना गरेको विरोभसभालाई प्रमुख वक्ताको रूपमा नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य रामसिंह श्रीसले सम्बोधन गर्नुभएको थियो ।

आफ्नो विरोध मन्तव्यको क्रममा उहाँले एमसीसी अमेरिकी साम्राज्यवादले नेपालको दलाल गठबन्धन सरकारलाई पहिला पहिला फकाएर फुलाएर र पछि धम्काएर नेपालमा लादेको राष्ट्रघाती सम्झौता हो । यो सम्झौता नेपाल र नेपाली जनताको हक हितमा नभएकोले यसको सर्बत्र विरोध भैरहेको छ । यस्तो देश बिरोधी र जनबिरोधि सम्झौता यो देशका दलाल सरकारले १२ बुँदे ब्यख्यात्मक घोषणाको खोल ओढाएर संसदबाट अनुमोदन गराएता पनि नेपाली जनताले यसको अनुमोदन गरेका छैनन् । त्यसैले नेपाली जनताले यो सम्झौता खारेजी गरी छाड्ने छन् भन्ने ठोकुवा गर्नु भयो ।

अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष प्रा. डा. ओम गुरुङले सन् १८१६ को सुगौली सन्धिदेखि बेलायती साम्राज्यवादको अर्ध औपनिबेसिक उत्पीडन भोग्दै आएको नेपालले फागुन १५ गते प्रतिक्रियावादी राज्यसत्ताको नाइके शेरबहादुर देउवाले राष्ट्रघाती एमसिसी सम्झौता पारित गराएपछि अमेरिकी साम्राज्यवादको थप उत्पीडन पनि भोग्ने कुरा सुनिश्चित छ भन्नु भयो । उहाँले यो सम्झौता समग्रमा नेपाली जनताको लागि र विशेषगरी यो देशका भुमि पुत्र/पुत्री हौ भनी दाबी गर्ने नेपालका आदिवासी जनजातिहरूका लागि अति हानिकारक भएको कुरा बताउनु भयो । यो सम्झौताले आदिवासी जनजातिहरू र स्थानीय जनताको स्वतन्त्र, पूर्व सुसुचित मन्जुरी बिना उनीहरूको बसोबास क्षेत्रमा रहेको हजारौ रोपनी जग्गा अधिग्रहण गर्न र लाखौ रुख कटानी गर्न सुरु गरिसकेको जानकारी दिँदै यो सम्झौताले आदिवासी जनजातिहरू र स्थानीय सिमान्तकृत समुदायको जल, जमिन र जंगलमाथिको अधिकार हनन् गरेको बताउनु भयो । यो सम्झौता लागु हुँदा हजारौ हजार जनता बिस्थापित हुनु पर्ने अवस्था आउने हुँदा नेपालका आदिवासी जनजातिहरूले पनि यो सम्झौता लागु हुन नदिन बलिदानीपूर्ण प्रतिरोध गर्नका लागि तयार हुन नेपालका आदिवासी जनजाति लगायत समग्र देशभक्त र राष्ट्रवादी जनताहरूलाई आह्वान गर्नु भयो ।

प्रा. डा. ओम गुरुङको अध्यक्षता, जातीय क्षत्रीय रास्ट्रिय मुक्तिमोर्चाका प्रतिनिधि सुदर्शन मंगलको संचालन र अखिल नेपाल जनजाति सम्मेलनका अध्यक्ष निमबहादुर बूढाको स्वागत मन्तव्यमा सम्पन्न सभामा जातीय/क्षेत्रीय मुक्ति मोर्चा सम्बद्ध नेवाः राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष सुरेश महर्जन, अखिल नेपाल राष्ट्रिय आदिवासी जनजाति महासंघका महासचिव योगेश राल्फाली, उत्पीडित राष्ट्र मुक्ति मोर्चा, नेपालका अध्यक्ष गोकुल राइ, नेकपा सम्बद्ध जातीय विभागका प्रतिनिधि दिपेन्द्र शाही तथा ब्रिटिश गोर्खा भूतपूर्व सैनिक संगठन (बिगेसो) का अध्यक्ष पदम सुन्दर लिम्बुले पनि एमसीसी परियोजनाको बिरोधमा आफु र आफु सम्बद्ध संगठनको तर्फबाट गहकिला बिचारहरू राख्नु भएको थियो । बिरोध सभा कार्यक्रमको बीच बिचमा राष्ट्रिय कलाकार मनु नेम्बांग, सामना परिवार, रक्तिम अभियान र अखिल नेपाल जनसांस्कृतिक महासंघका कलाकारहरूले गीत, संगीत र नृत्यहरू प्रस्तुत गरेका थिए भने प्रगतिशील कविहरूले कविता बाचन गरी बिरोध कार्यक्रमलाई रोचक र आकर्षक बनाइ दिएका थिए । कार्यक्रमको अन्तमा एमसीसी बिरोधी नाराहरू लगाइएको थियो ।

यसैगरी आइतबार नै बर्दिवास, पोखरा, बुटवल र सुर्खेतमा पनि ६ दल र २ मोर्चा सम्बद्ध जातीय/क्षेत्रीय मोर्चाहरूले राष्ट्रघाती एमसीसी बिरोधी सभाहरू सम्पन्न गरेका थिए ।

## ६ कम्युनिष्ट पार्टी र २ मोर्चाका जातीय संगठनहरुको तर्फबाट पोखरामा राष्ट्रघाती एमसीसी सम्झौताविरूद्ध बिरोधसभा कार्यक्रम सम्पन्न




पोखरा । ६ कम्युनिष्ट पार्टी र २ मोर्चाका जातीय संगठनहरूको तर्फबाट पोखरामा राष्ट्रघाती एमसीसी संझौता विरुद्ध बिरोध सभाको कार्यक्रम सम्पन्न भएको छ । पोखरा सृजनाचोक बाट र्‍याली सहित सुरु भएको कार्यक्रम लखन थापा चोकमा आएर कोणसभामा परिणत भएको थियो । राष्ट्रघाती एमसीसी विरुद्ध फागुन ४ गतेबाट सुरु भएको पहिलो चरणको संयुक्त कार्यक्रमको चैत ६ गते अन्तिम दिन पनि हो ।

कार्यक्रमको अध्यक्षता अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रिय उपाध्यक्ष भिम श्रीसले गर्नु भएको थियो भने बिरोध कार्यक्रमलाई प्रमुख वक्ताको रूपमा अखिल नेपाल आदिवासी जनजाती महासँघका केन्द्रिय महासचिव .नगेन्द्र राइले संबोधन गर्नु भएको थियो । सभाका अन्य वक्ताहरूमा अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रिय अध्यक्ष निल बहादुर पुन,देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका गण्डकी प्रदेश अध्यक्ष .नेत्र रानाभाट,राष्ट्रिय जनमोर्चाबाट डम्बर थापामगर र गणेश अधिकारी हुनुहुन्थ्यो ।

कार्यक्रमको संचालन राष्ट्रिय जनमोर्चाका .नम बहादुर बाठामगरले गर्नुभएको थियो ।

## चिनियाँ विदेशमन्त्रीको भ्रमण



काठमाडौं । नेपाल भ्रमणमा रहेका चिनियाँ विदेशमन्त्री वाङ यीले आइतबार विभिन्न राजनीतिक दलका नेताहरूसँग भेटवार्ता गरेका छन । विदेशमन्त्री वाङले राष्ट्रपति विद्यादेवी भण्डारी, एमाले अध्यक्ष केपी शर्माओली, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लगायतका नेताहरूसँग भेटवार्ता गरेका हुन ।

भेटवार्तामा नेताहरूले दुई देशबीचको मैत्री सम्बन्धका बारेमा चर्चा गर्दै नेपालको भूमिमा चीन विरोधी गतिविधि हुन नदिने प्रतिवद्धता दोहोर्याएका छन । राष्ट्रपति विद्यादेवी भण्डारीसँगको शिष्टाचार भेटवार्तामा उनीहरूबीच युगौं पुरानो नेपाल-चीन मैत्रीबारे विचारविमर्श भएको थियो ।

ए ेतिहासिक कालदेखिको नेपाल र चीनबीचको असल सम्बन्ध यस प्रकारका उच्चस्तरका भ्रमणले बहुआयामिक दुई पन। साथै उनले नेपालको सामाजिक-आर्थिक विकासमा चीनले निरन्तर सहयोग गर्दै आएकामा हार्दिक कृतज्ञता व्यक्त गरेकी छन ।

त्यस्तै एमाले अध्यक्ष ओलीले बेल्ट एण्ड रोड (बीआरआई) अवधारणासँग जोडिएका सडक, रेल, सिँचाइ, शिक्षा र स्वास्थ्यका परियोजनालाई अगाडि बढाउन चीन सरकारलाई आग्रह गरेका छन ।

शिष्टाचार भेटवार्ताका क्रममा कोरोनाका कारण प्रभावित भएका चीनका विभिन्न विश्वविद्यालयमा अध्ययनका क्रममा रहेका नेपाली विद्यार्थीलाई सहज रूपमा फर्कने वातावरण बनाइदिन आफूहरूले आग्रह गरेको एमाले नेता राजन भट्टराईले जानकारी दिए । भेटवार्तामा अध्यक्ष ओलीले दुई देशबीचको मैत्री सम्बन्धका बारेमा चर्चा गर्दै नेपालको भूमिमा चीन विरोधी गतिविधि हुन नदिने प्रतिवद्धता दोहोर्याएका छन ।

कोरोना कहरका समयमा चीन सरकारका तर्फबाट नेपाललाई उपलब्ध गराइएको सहयोगप्रति एमालेले धन्यवाद समेत दिएको छ । तातोपानी र रसुवागढी नाकाको नियमित सञ्चालनका लागि समेत एमालेले विदेशमन्त्री वाङसँग आग्रह गरेको छ । एमालेले गरेको आग्रहलाई विदेशमन्त्री वाङले सकारात्मक रूपमा लिँदै नेपालको विकास र समृद्धिका लागि सहयोग गर्न आफूहरू तयार रहेको बताएका छन् ।

बिआरलगायतका परियोजनासँग जोडिएका विषयलाई अगाडि बढाउन र त्यसलाई नियमित गर्न चीन सरकारका तर्फबाट सहयोग रहने विदेशमन्त्री वाङको भनाइ थियो । भेटवार्तामा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेललगायत नेताको सहभागिता थियो ।

विदेशमन्त्री वाङले सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहालसँग पनि शिष्टाचार भेटवार्ता गरेका छन् । भेटवार्तामा अध्यक्ष प्रचण्डले बेल्ट एण्ड रोड (बीआरआई) अवधारणा अन्तर्गत अगाडि बढाउन लागिएका भौतिक पूर्वाधारसँग जोडिएका परियोजनालाई शीघ्र कार्यान्वयनमा ल्याउन चीन सरकारसँग अनुरोध गरेका छन् ।

नेपालको आर्थिक र सामाजिक विकासका लागि महत्वपूर्ण मानिएका ती आयोजना समयमा अगाडि बढ्दा त्यसले सकारात्मक प्रभाव पर्ने भन्दै त्यसका लागि पहल गरिदिन चिनियाँ विदेशमन्त्री वाङ यीमार्फत चीन सरकारलाई आग्रह गरिएको माओवादी नेता शक्ति बस्नेतले जानकारी दिए ।

भेटवार्तामा कोरोना महामारीका कारण लामो समयदेखि नियमित हुन नसकेको तातोपानी र रसुवागढी नाकालाई सहज रूपमा सञ्चालन हुने वातावरण बनाइदिन आफूहरूले चिनियाँ विदेशमन्त्रीको ध्यानकर्षण गराएको जानकारी बस्नेतले दिए ।

सो अवसरमा नेपाल चीन सम्बन्धमा विविध आयामका बारेमा कुराकानी भएको जनाइएको छ । नेपालको आर्थिक विकाससँग जोडिएको बीआरआई र चीनका तर्फबाट प्रतिबद्धता जनाइएका परियोजना अगाडि बढ्छ भन्नेमा आफूहरू विश्वस्त रहेको अध्यक्ष प्रचण्डको भनाइ थियो ।

अध्यक्ष प्रचण्डले दुई देशबीचको मैत्री सम्बन्धका बारेमा चर्चा गर्दै नेपालको भूमिमा चीन विरोधी गतिविधि हुन नदिने प्रतिवद्धता समेत दोहोर्याएका छन् । भेटवार्तामा अध्यक्ष प्रचण्डले भने, 'नेपाल सधैं एक चीन नीतिको पक्षमा अडिग रहेको र यहाँको भूमि कुनै पनि देशविरुद्ध प्रयोग हुन दिँदैनौं ।'

नेपालको चीनतर्फ बढ्दो व्यापार घाटालाई कम गर्न पनि सहयोग गरिदिन माओवादीका तर्फबाट चिनियाँ विदेशमन्त्रीलाई आग्रह गरिएको थियो । कोरोनाका कारण नाका सहज नहुँदा व्यापार घाटा थप चुलिएको सन्दर्भमा आवश्यक नीतिगत एवं प्राविधिक रूपमा देखिएका समस्या समाधान गर्न आग्रह गरिएको नेता बस्नेतले जानकारी दिए । कोरोना कालमा चीन सरकारका तर्फबाट नेपालले प्राप्त गरेको सहयोगप्रति माओवादी नेतृत्वले चीन सरकारलाई विशेष धन्यवाद समेत दिएको छ ।

माओवादी शीर्ष नेतृत्वको आग्रहलाई सकारात्मक रूपमा लिँदै चिनियाँ विदेशमन्त्रीले नेपालको आर्थिक एवं सामाजिक विकासमा चीनले निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले नजिकको छिमेकी र परम्परागत मैत्री सम्बन्ध भएकाले पनि नेपालको चासो र विकास प्रतिको तीव्र इच्छालाई चीन सरकारले सदैव समर्थन गर्दै सहयोग गरेको र त्यो निरन्तर रहने बताएका थिए । भेटवार्तामा माओवादीका नेता नारायणकाजी श्रेष्ठ, नेता बस्नेत, अध्यक्ष प्रचण्डका स्वकीय सचिव रमेश मल्ल लगायतको सहभागिता थियो ।

चिनियाँ विदेशमन्त्री वाङले शनिबार साँझ प्रधानमन्त्री शेरबहादुर देउवासँग शिष्टाचार भेट गरेका थिए । त्यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रतिनिधिमण्डलस्तरीय वार्ता भएको थियो । सोही क्रममा विभिन्न नौ बुँदे समझदारी गरिएको थियो ।

तीन दिने नेपाल भ्रमणका क्रममा शुक्रबार काठमाडौं आएका विदेशमन्त्री वाङ आइतबार स्वदेश फर्किने कार्यक्रम रहेको छ ।

# पेरिस कम्युन : पहिलो समाजवादी सत्ता

*'पेरिसमा पड्केका गोलाहरूले सर्वहारावर्गका अति पछौटे र गहन निद्रामा परेका तप्काहरूलाई बिउँझाएको छ र यत्रतत्र क्रान्तिकारी समाजवादी प्रचारकार्य बढाउने प्रेरणा दिएको छ । कम्युनले युरोपेली सर्वहारावर्गलाई समाजवादी क्रान्तिका कार्यभारहरूलाई ठोस रूपमा प्रस्तुत गर्न सिकाएको छ ।' कम्युन भनेको समाजद्वारा राज्यसत्ताको विलयन हो, जसमा समाजमा नियन्त्रणकारी एवम् दमनकारी शक्तिहरूको स्थानमा आफ्नै जीवन्त शक्तिहरूलाई स्थापित गरिन्छ, जनताको दमन गर्ने संगठित शक्तिको स्थानमा स्वयं जनताद्वारा आफ्नै शक्तिको स्थापना गरिन्छ ।*

● सुमन नेपाली ●

पेरिस फ्रान्सको राजधानी । श्रमजीवि मजदुरहरूले सत्ता हातमा लिएको आज १५१ वर्ष पुरा भएको छ । १८ मार्च देखि २८ मे १८७१ सम्म जम्मा ७२ दिन मात्र टिकेको उक्त कम्युनको महत्व आज पनि उत्तिकै सान्दर्भिक छ । फ्रान्स राजतन्त्र र गणतन्त्रको उत्थान र पतन एवं विदाई र पुनरागमनको लुकामारीमा थियो । विभिन्न साना साना राजतन्त्रमा विभाजित जर्मनी एकताबद्ध हुने र वर्चश्व विस्तारको क्रममा थियो । मजदुर र किसानहरू समग्रमा जनताको जीवन कष्टप्रद थियो । उनीहरूका अगाडी विद्रोह गर्नु अपरिहार्य जस्तै बनेको थियो ।उक्त दिन पेरिसमा मजदुरहरूले एक त्यस्तो पराक्रम गरे, जसको किर्ती युगानुयुगसम्म रहिरहने छ । त्यस दिन वुर्जुवा शासकहरूलाई शहरबाट धपाएर सत्ता आफ्नो हातमा लिएका थिए । दश दिन पछि २८ मार्चमा विश्व इतिहासमा पहिलो सर्वहारा समाजवादी राज्य पेरिस कम्युनको सृजना भयो । त्यो त्यसभन्दा अघि कहिल्यै देखा नपरेको पूर्णतः नयाँ किसिमको राज्य थियो ।

यस राज्यको सञ्चालन जनताद्वारा, जनताको हितमा, जनताकै लागि गरियो । यस सरकारद्वारा प्रस्तुत सामाजिक एवं राजनीतिक कार्यक्रमहरू श्रमजीवी जनताको हितमा र सबैभन्दा पहिले त मजदुरवर्गको हितमा कार्यान्वित भए । ९ सेप्टेम्बर, १९७० मा कम्युनिष्ट इन्टरनेशनललाई लेखेको विख्यात आह्वानमा लेनिनले लेख्नु भएको छ- मार्क्सले फ्रान्सेली सर्वहारावर्गलाई असामायिक विद्रोह नगर्न अनुरोध गर्नु भएको थियो, तर सन् १८७१ म यो विद्रोह भएपछि मार्क्सले गगन विजयी जनसमुदायको क्रान्तिकारी तत्परताको ठूलो उत्साहसहित स्वागत गर्नुभयो । लेनिनले भन्नुभयो, 'पेरिसमा पड्केका गोलाहरूले सर्वहारावर्गका अति पछौटे र गहन निद्रामा परेका तप्काहरूलाई बिउँझाएको छ र यत्रतत्र क्रान्तिकारी समाजवादी प्रचारकार्य बढाउने प्रेरणा दिएको छ । कम्युनले युरोपेली सर्वहारावर्गलाई समाजवादी क्रान्तिका कार्यभारहरूलाई ठोस रूपमा प्रस्तुत गर्न सिकाएको छ ।' कम्युन भनेको समाजद्वारा राज्यसत्ताको विलयन हो, जसमा समाजमा नियन्त्रणकारी एवम् दमनकारी शक्तिहरूको स्थानमा आफ्नै जीवन्त शक्तिहरूलाई स्थापित गरिन्छ, जनताको दमन गर्ने संगठित शक्तिको स्थानमा स्वयं जनताद्वारा आफ्नै शक्तिको स्थापना गरिन्छ ।

विगतमा सबै प्रकारका ऐतिहासिक विकासहरूको लागि आवश्यक समय ती विभिन्न क्रान्तिहरू मै मात्र नष्ट पारिन्थ्यो र जनताले विजय प्राप्त गरेकै दिन ती विजयी हतियारहरू सेनालाई सुम्पने वित्तिकै फेरी ती हतियारहरू तिनै जनताको विरुद्धमा उठाइन्थे ।त्यसैले ती पहिलेका क्रान्तिहरूको विपरित कम्युनले सर्वप्रथम नियमित सेनाको विघटन गरेर राष्ट्रिय रक्षादलको स्थापना गयी । शहरमा सरकारलाई नागरिकबाट सुरक्षित राख्ने स्थायी सेनाको स्थानमा सत्ता (सरकार)बाट नागरिकलाई सुरक्षित राख्ने राष्ट्रिय मिलिसिया गठित भएको छ । केवल स्थायी सेनाको उन्मुलन गर्नको लागि नै जनताले त्यस मिलिसियाको गठन राष्ट्रव्यापी गर्नु परेको थियो ।कम्युनसँग शिक्षा प्रणालीको पुनर्गठन गर्ने समय थिएन, परन्तु त्यसबाट धार्मिक एवं पुजारी तत्वहरूलाई अलग्याएर कम्युनले जनताको बौद्धिक मुक्तिको शुरुवात गरेको थियो । गिर्जाघरहरूलाई राज्यबाट अलग्याइयो, धार्मिक आवश्यकता पूर्ति गर्ने बजेट बदर गरियो, सबै गिर्जाघरहरूको सम्पति राष्ट्रियकरण गरियो । सेनामा अनिवार्य भर्ति प्रणालीको उन्मूलन गरियो । सरकारी पदानुक्रमको उन्मूलन पूर्ण रूपमा गरियो, ती जनताका अहंकारी मालिकहरूको स्थानमा जुनसुकै समयमा पनि हटाउन सकिने सेवकहरू नियुक्त भएका छन् र देखावटी दायित्वको ठाँउमा वास्तविक दायित्व कायम गरिएको छ, किनभने तिनीहरूका क्रियाकलाप सदा सामाजिक नियन्त्रण अन्तर्गत रहन्छ ।कम्युन ७२ दिन मात्रै टिक्न सक्यो र वीरतापूर्ण प्रतिरोधपछि आन्तरिक तथा बाह्य प्रतिक्रियावादीहरूको मारमा परेर यसको अन्त्य भयो । तर यसको अनूभव र यसले सिकाएको पाठले विश्व क्रान्तिकारी समाजवादी आन्दोलनमा ठूलो प्रभाव पारेको छ । कम्युनका अलग-अलग कार्यहरूको विशेषता जे जस्तो भएता पनि त्यसको महानतम् कार्य स्वयं कम्युनको स्थापना नै हो, जसको उत्पति त्यस्तो समयमा भयो, जुन समयमा एउटा ढोकामा विदेशी शत्रु खडा थियो भने अर्की ढोकामा आफ्नै वर्गीय शत्रु खडा थियो ।कम्युनले आफ्नो अस्तित्वद्वारा नै आफ्नो जीवन शक्तिको प्रभाव दिएको थियो र आफ्ना सिद्धान्तहरूलाई आफ्ना कार्यहरूद्वारा प्रभावित गरेको थियो । त्यसको उत्पति फ्रान्सका विजेताहरूमाथिको विजय हो भन्ने मार्क्सको ठहर थियो । यदि कम्युन संगठन दृढतापूर्वक राष्टव्यापी रूपमा स्थापित हुन सकेको भए त्यसले भोग्नु पर्ने संभाव्य विपत्तिहरू तिनै दास स्वामीहरूका छिटफूट विद्रोहहरू नै हुने थिए, जसले केही समय सम्म शान्तिपूर्ण विकासको लागि केही बाधा पुर्याए तापनि सामाजि क्रान्तिको हातमा तरबार राखिदिएर त्यही आन्दोलनलाई नै बढी गतिशिल पारिदिने थियो । केन्द्रीकरण र अधिकारको अभावनै ती कुरा थिए, जसले कम्युनलाई नष्ट पायी ।खासगरी कम्युनले के सावित गयी भने मजदुरवर्गले राज्यसत्ताको बनिबनाउ यन्त्रलाई कब्जा गरेर आफ्नो उद्देश्य पूर्तिको लागि जस्ताको तस्तै त्यसको उपयोग गर्न सक्दैन । यदि संघर्षले अनुकूल अवसरहरूको अचूक रूप मात्र लिइरहने हो भने विश्व इतिहासको निर्माण गर्न ज्यादै सजिलो पर्ने थियो । तर अर्कोतिर यदि संभाव्यताहरूको कुनै भूमिका नरहने हो भने इतिहासले एकदम रहस्यवादी चरित्र धारण गर्नेछ ।ती संभाव्यताहरू विकासको सामान्य क्रममा निसन्देह तिनको संघटक अंग बनेका हुन्छन् र अन्य संभाव्यताहरूसँग सन्तुलित रहन्छन् । परन्तु सिघ्रता र मन्दता धेरै मात्रामा यिनै संभाव्यतारुमा निर्भर हुन्छन् जसमध्ये त्यस्तो संभाव्यता पनि पर्दछ, जुन आन्दोलनको नेतृत्वमा रहेका मानिसहरूको चरित्रसँग सम्बन्धित हुन्छ । पेरिस कम्युनको फलस्वरूप पूँजीपतिवर्ग तथा त्यसको राज्यको विरुद्ध मजदुरवर्गको संघर्षले नौलो चरणमा प्रवेश गयी । संघर्षको परिणाम जस्तो सुकै भए तापनि विश्व ऐतिहासिक महत्वको नयाँ प्रस्थान विन्दू भएको थियो । स्वर्गमाथि विजय प्राप्त गर्न तत्पर पेरिसका कम्युनार्डहरू जो फ्रान्सेली र जर्मनीका प्रतिक्रियावादीहरूको सामूहिक हमलामा परि तीस हजार भन्दा बढीले बलिदान गरे, जसको रगतले मजदुर समाजवादको झण्डा रंगिएको छ विश्वका सर्वहारा श्रमजीवीहरूलाई सदैव उत्प्रेरणा प्रदान गरिरह्यो ।समाजवादको पहिलो प्रयोगको शिक्षाले विश्वव्यापी समाजवादको झण्डा उचाल्न मद्धत गयी । जुन रातो झण्डा मुक्ति, एकता र ऐकेबद्धताको प्रतीक हो । बुर्जुवा अन्धराष्ट्रवादको विपरित सर्वहारा अन्तराष्ट्रवादको प्रतीक हो । जुन आज पनि विश्व समाजवादी आन्दोलनको मार्गदर्शक बनिरहेको छ । यसकै प्रेरणाको कारण संसारभरका मजदुरहरू, श्रमजीवीहरू एकताबद्ध भइरहेका छन् ।

नेपालको कम्युनिष्ट समाजवादी आन्दोलन पेरिस कम्युनको वैध सन्तान हो, पेरिसका कम्युनार्डहरूको बलिदानको प्रेरणा हो जसको बाटोमा हिँड्दा नेपाली योद्धाहरूले आफ्नो जीवन आहुति गरेका छन् । पेरिसबाट उठेको मुक्तिको झण्डा सगरमाथामा फहराइरहेको छ । आज पनि मार्क्सको पालामा जस्तै उही नारा घन्काइरहेका छौं-पेरिस कम्युन जिन्दावाद !

अन्तराष्ट्रिय समाजवादी क्रान्ति अमर रहोस् !

# दर्शनशास्त्रमा 'तत्व' भन्नाले के बुझिन्छ ?

**पदार्थको विज्ञानको विकासमा पदार्थको सरलतम तत्व खोज्ने प्राकृतिक वैज्ञानिकहरुको आकांक्षा तथा पदार्थको असीमितता तथा अक्षयताको कारण प्रकृतिमा यस्ता कणहरुको अभावको बीचमा सदा अन्तर्विरोध रहेको छ । १९औं शताब्दीको अन्तमा प्राकृतिक विज्ञानहरुमा महान आविष्कारहरुले मूल तथा संरचनाहीन परमाणुहरुको बारेमा प्रचलित विचारहरुको उपहास गरे । आधुनिक भौतिक विज्ञानले इलेक्ट्रोनहरु, न्यूट्रोनहरु तथा मूल वा प्राथमिक मानिने अन्य कणहरुको संरचनाको जटिलता सिद्ध गर्ने प्रयत्न गरिरहेको छ र यसरी प्रकृतिमा नितान्त सरल तथा अविभाज्य तत्वको अभावको अवधारणाको पुष्टि गरिरहेको छ**

***तत्व :***

कुनै यस्तो वस्तुको अवधारणा, जुन कुनै निश्चित प्रणालीको अवयव हुन्छ र जसलाई त्यो प्रणालीको ढाँचाभित्र अविभाज्य मानिन्छ (उदाहरणको लागि, अणुप्रणालीमा परमाणु, परमाणु प्रणालीमा इलेक्ट्रोन, आदि) । तर एउटा प्रणालीमा अविभाज्य अर्को प्रणालीमा विभाज्य सिद्ध हुन्छ। प्रकृतिको ऐतिहासिक ज्ञानको प्रक्रियामा तत्वको अवधारणाले अनिवार्य रूपमा जन्म लिन्छ। प्राचीन युनानी दार्शनिकले यो मान्दथे कि जगतको एकल तत्व या त जल (थेलिज) वा वायु (अनाक्सिमेनिज) वा अग्नि (हेराक्लिटसं) हो । डेमोक्रिटसले र पछि एपीक्यूरसले पदार्थका अविभाज्य सूक्ष्मतम कणहरूको रूपमा परमाणुसम्बन्धी आफ्नो मत प्रस्तुत गरे ।

पदार्थको विज्ञानको विकासमा पदार्थको सरलतम तत्व खोज्ने प्राकृतिक वैज्ञानिकहरूको आकांक्षा तथा पदार्थको असीमितता तथा अक्षयताको कारण प्रकृतिमा यस्ता कणहरूको अभावको बीचमा सदा अन्तर्विरोध रहेको छ । १९औं शताब्दीको अन्तमा प्राकृतिक विज्ञानहरूमा महान आविष्कारहरूले मूल तथा संरचनाहीन परमाणुहरूको बारेमा प्रचलित विचारहरूको उपहास गरे । आधुनिक भौतिक विज्ञानले इलेक्ट्रोनहरू, न्यूट्रोनहरू तथा मूल वा प्राथमिक मानिने अन्य कणहरूको संरचनाको जटिलता सिद्ध गर्ने प्रयत्न गरिरहेको छ र यसरी प्रकृतिमा नितान्त सरल तथा अविभाज्य तत्वको अभावको अवधारणाको पुष्टि गरिरहेको छ ।

***तत्वकरण :***

१) सामान्य अर्थमा, कुनै वस्तुको कुनै एउटा गुणको स्वतन्त्र रूपले अस्तित्वमान वस्तुमा रूपान्तरण । २) बढी व्यापक अर्थमा, अमूर्त अवधारणाहरूलाई स्वतन्त्र अस्तित्व मान्नु, जुन आदर्शवादको विशेषता हो ।

***तथ्य :***

वस्तुगत तथा वैज्ञानिक तथ्यहरूमा अन्तर गरिन्छ। वस्तुगत तथ्य कुनै परिघटना, यथार्थको अंश हो, जुन मानिसका क्रियाकलाप अथवा ज्ञानको विषय हो । वैज्ञानिक तथ्य कुनै वस्तुगत तथ्यको मानव(चेतनामा परावर्तन, अर्थात त्यसको निश्चित भाषामा वर्णन हो । वैज्ञानिक तथ्य सैद्धान्तिक रचनाहरूको आधार हो, जुन तिनीहरूबिना असम्भव हुन्छ। पृथक परिघटनाको रूपमा तथ्य विभिन्न सम्बन्धहरूको माध्यमबाट अन्य तथ्यहरूसँग अनिवार्य रूपमा जोडिएका हुन्छन्। त्यसकारण वैज्ञानिक ज्ञानले तथ्यका सम्पूर्ण सम्बन्धहरू तथा सूत्रहरूसहित तिनीहरूको बढीभन्दा बढी सम्पूर्ण चित्र प्रस्तुत गर्नुपर्दछ । वैज्ञानिक तथ्यको योग वैज्ञानिक वर्णन हुन्छ वैज्ञानिक तथ्य त्यो भाषासँग, जसमा त्यसलाई व्यक्त गरिन्छ, र फलस्वरूप ती पदहरूसँग अविभाज्य हुन्छ, जसमा अवधारणाहरू निरूपित गरिन्छ । ह्युम तथा आलोचनात्मक अनुभववादबाट नवप्रत्यक्षवादसम्म लैजाने तथ्यको आदर्शवादी व्याख्याले तथ्यलाई केवल मानिसका संवेदनहरूमा मात्र विद्यमान मान्दछ । यो मताअनुसार जगतलाई पृथक, व्यष्टिक तथ्यहरूको, कर्ताको माध्यमबाट परस्पर जोडिएका इन्द्रियगत अनुभवका तत्वहरूको योग मानिन्छ ।

***तद्रूप सत्य कथन :***

तार्किक कलनहरूका प्रस्थापनााहरू, अभिव्यक्तिहरू अथवा सूत्र, जुन तिनीहरूका चरहरूका सत्य मूल्यहरूका सबै अर्थमा सत्य हुन्छन्। आकारपरक तर्कका सबै नियमहरू यस्तै हुन्छन । तदनुसार तद्रूप असत्य प्रस्थापनाहरू अथवा सूत्र चरहरूका सत्यमूल्यहरूका सबै अर्थहरूमा असत्य हुन्छन ।

***तर्कगणित :***

आरम्भमा तार्किक कलन यो नामबाट परिचित थियो। लिब्निजले गणितीय तर्कशास्त्रको तर्कगणितको रूपमा वर्णन गर्दथे । संकेतात्मक अथवा गणितीय तर्कशास्त्रको पर्यायको रूपमा तर्कगणितको उपयोग सेप्टेम्बर, १९०४ मा जेनेभामा भएको अन्तर्राष्ट्रिय दर्शन सम्मेलनमा स्वीकार गरिएको थियो ।

**तर्कगणितीय विधि** : समकालीन गणित तथा तर्कशास्त्रमा आकारीकृत प्रणालीहरू तथा कलनहरूको रचना गर्ने विधि। यस्ता प्रणालीहरू विशुद्ध रूपले आकारगत आधारमा, संकेतहरूका आकृतिहरू र तिनीहरूको अनुक्रमको रूपमा - तिनीहरूलाई तद्नुरूपी अभिव्यक्तिहरूको अर्थबाट पृथक गरेर - निर्माण गरिन्छ । कहिलेकाहीँ तर्कगणितीय विधिमा आकारगत प्रणालीको रचनाबाहेक त्यसको व्याख्या पनि सामेल हुन्छ। कुनै प्रणालीको यो विशुद्ध रूपले आकारगत रचनाको अर्थ निःसन्देह अन्तर्वस्तुको उपेक्षा, विशेष रूपले केही तार्किक नियमहरूको वर्गको पूर्ण उपेक्षा होइन । कलनको रचना गर्दा यी नियमहरूलाई यो वा त्यो रूपमा ध्यान दिइन्छ ।


***तर्क तथा बुद्धि :***

यस्ता अवधारणाहरू, जसले वैज्ञानिक र साथसाथै नैतिक तथा कलात्मक चिन्तनका दुई परस्पर आवश्यक पक्षहरू, एक,अर्कीलाई सहायता गर्ने योग्यताहरूलाई अभिव्यक्त गर्दछन । बौद्धिक योग्यताको विशेषता यो तथ्य हो कि त्यसअन्तर्गत अवधारणाहरू रूपान्तरणको प्रक्रियाबाट गुज्रिँदैनन, बरु तिनीहरूले आफ्नो स्थिर स्वरूप कायम राख्दछन । तिनीहरूले प्रयोगात्मक सामग्रीको लागि र परिणामहरूको रचनाको लागि तम्तयार सैद्धान्तिक मात्राको काम गर्दछन्। यही बौद्धिक कार्यहरू र तिनीहरूका परिणामहरूको अमूर्त स्वरूपको कारण हो, जसले अमूर्तकरणको पूजाको लागि तथा तिनीहरूको स्वतन्त्र सिर्जनात्मक भूमिका बताउनको लागि आधारभूमिको काम गर्दछ। केवल बुद्धिले मात्र युक्त मानिसले आफ्नो जीवनलाई बढीभन्दा बढी बौद्धिक, तर्कबुद्धिसंगतताको क्षेत्र बनाउँदछ। यसको विपरीत तर्कको योग्यताको विशेषता यो तथ्य हो कि अवधारणाहरूले रूपान्तरणको प्रक्रियामा प्रवेश गर्दछन ।

उद्देश्य तथा मूल्य तिनीहरूको परिवर्तनको प्रक्रियामा देखिन्छन र सैद्धान्तिक प्रक्रिया एउटा ठोस आदर्शीतिर निर्देशित हुन्छ, जसले ज्ञानको कर्तालाई विकासतिर लैजान्छ। यदि केवल बौद्धिक योग्यतामा आधारित वैज्ञानिक अनुसन्धान नैतिकता र कलाको प्रतिकूल छ भने, तर्कले तिनीहरूको संगमको लागि वातावरणको सिर्जना गर्दछ। तर्क तथा बुद्धिको समस्या दर्शनको सम्पूर्ण युरोपेली इतिहासमा विद्यमान छ, जुन प्लेटो तथा एरिस्टोटलद्वारा तिनीहरूमा गरिएको अन्तरदेखि लिएर निकोलस, ब्रुनो र स्पिनोजाको यो बोधसम्म पुग्दछ कि तिनीहरू ज्ञानका चरणहरू हुन्। लिब्निजले यो समस्यालाई जर्मन शास्त्रीय दर्शनको अध्ययनको विषय बनाए। हेगेलले बुद्धिका दोषहरूको गहन आलोचना गरे, तर यसो उनले केवल तर्कलाई देवत्व प्रदान गर्नको लागि मात्र गरे। बुद्धिको नास्तिकवादी आलोचना अतर्कबुद्धिवादको प्रिय विषय हो। आफ्नो सैद्धान्तिक अनुसन्धानमा मार्क्सले अमूर्तबाट माथि उठेर मूर्तसम्म पुग्ने द्वन्द्वात्मक दृष्टिले तर्कसंगत विधिको उपयोग गरे ('पुँजी') । मार्क्सवादले मानिसलाई एउटा अखण्ड समुच्चयको तथा त्यसको क्रियाकलापका विविध अभिव्यक्तिहरूको एकताको रूपमा हेर्दै तर्क तथा बुद्धिको समस्यालाई समाधान गर्दछ ।

*(रमेश सुनुवारको दर्शन विश्वकोशबाट)*

# लु सुन : सतत संघर्षशील लेखक



● इस्माली ●

*२०६६ साल असोजमा म बर्दिया जिल्लाको पार्टीको बैठकका क्रममा तारातालको सानोश्री गएकी थिएँ । त्यहाँ राधा दिदीको घरमा बसेकी थिएँ । त्यहाँ कलावती आउनु भएको रहेछ । म यतै छु भन्ने थाहा पाएपछि मलाई खोज्दै म बसैकै ठाउँमा आइपुग्नु भयो । त्यो रात हामीसँगै बस्यौं । रात छिप्पिदासम्म पनि हामी दुई दुःखसुखका कुरा गरेर बसिराख्यौं । कलावतीको विहे २०६४ साल फागुन १४ गते डबल महतारासग भएको थियो । तराईमा जन्मेकी, हुर्केकी थारु परिवारकी एउटा केटीले बिकट हुम्ला जिल्लाको क्षेत्रीसग विहे गर्नु चानचुने कुरा थिएन । विहे भएको २ वर्षपछि यतिबेला वहाँ डबलको घरमा जानु भएछ । त्यहाँ ६ महिना बस्नु भएछ । वहाँले मसँग देशको पछिल्लो राजनीति, पार्टीले खेलेको भूमिकालाई लिएर चिन्ता व्यक्त गर्नु भएको थियो । ...दिदी, जनुयुद्धका मूल्यमान्यता त्यसै हराएर जाने त होइनन ? भन्नुस् त हामी कता हरायौं । आयाम दाइ जस्तै हजारौं सहिदहरूले देखेको सपना यो त होइन । साँच्चै भन्नुहुन्छ भने दिदी आजभोलि मलाई असाध्यै चिन्ता लाग्छ । वहाँले सोधेका प्रश्न र जिज्ञासाहरूको उत्तर दिने कोसिस गरेकी थिए । वहाँले सोधेका कैयौं प्रश्नहरूको उत्तर म सग पनि थिएनन् । तै पनि मैले निराश नहुन भनेकी थिए । कलावतीसगको मेरो त्यही भेट नै अन्तिम भेट रहेछ ।*

नेपाली साहित्यका पाठकहरूका लागि लु सुन(ल्यू सुन,लु श्यून) नौलो नाम होइन । 'आह क्युको साँचो कथा' र 'एक बौलाहाको डाइरी' जस्ता अमर आख्यान कृतिहरू लगायत यिनका थुप्रै फुटकर रचनाहरू नेपालीमा अनुवाद भएका छन् । लु सुनका कृतिहरूलाई नेपालीमा अनुवाद गर्नेहरूमा साहित्यकार शान्तदास मानन्धर अग्रणी रहिआएका देखिन्छन् । यसले गर्दा नेपालका साहित्यकारहरूमा लु सुनप्रतिको प्रेमभाव सहजै बोध गर्न सकिन्छ मात्र होइन यसबाट लेखकसाहित्यकारहरू आफ्ना देशकालका सीमाभन्दा पनि माथिका हुँदा रहेछन भन्ने पनि सन्देश मिल्दछ ।

हाम्रो छिमेकी देश चीनका आधुनिक र प्रगतिशील साहित्यका जनक लु सुन ई.सं. २५ सेप्टेम्बर १८८१का दिन चीनको पूर्वी प्रान्त झेजियाङको शाओशिङको मध्यमवर्गीय परिवारमा जन्मेका थिए । यिनी परिवारका चार छोरामध्येका जेठा छोरा थिए । यिनी जन्मले झाऊ शुरेन(झाऊ झ्याङशाउ,युशान) थिए । यिनका बाजे झाऊ फिजिङ बेइजिङमा माथिल्लो तहका कर्मचारी थिए । यिनका बुबा झाऊ बोयी समाजका प्रतिष्ठित कन्फ्युसियेली बुद्धिजीवीमा गनिन्थे । झाऊ यिनको पैतृक थर थियोभने लु यिनको मातृक (मावली ) थर थियो । आफ्नी आमाको साहस र दृढ सेवाभावनाले यिनी आमाप्रति सँधै नतमस्तक हुन्थे । आमाको त्यही ऋण तिर्न कर्मले यिनी ३७ वर्षको वयमा लु सुन बने किनकि यिनको लालनपालन , शिक्षादीक्षा र संस्कार निर्माणमा सुसंस्कृत आमा लु रुईकै सर्वोपरी भूमिका रह्यो ।

यिनको जन्मताका चीन अर्धसामन्ती र अर्ध औपनिवेशिक राज्य थियो । क्विङ राजवंशको नेतृत्वको राज्यसत्ता भ्रष्टाचारी र कमजोर थियो तर साम्राज्यवादी शक्तिहरूको प्रभुत्व बढदो थियो । भ्रष्टाचारको आरोपमा बाजेको जागिर गयो ,७ वर्षको जेल सजाय पनि भोग्नु पर्‍यो र वर्षेनी तोकिएको जरिवाना तिर्नुपर्ने भयो । जरिवाना नतिर्दा फाँसी देलान् भन्ने डर भयो र सकिनसकि जरिवानाको जोहो पनि परिवारले गर्नै पर्‍यो । यिनताकै यिनका बुबा झाऊ बोयीलाई क्षय रोगले गाँजिसकेको थियो । तिनताका क्षयरोग दुर्दमनीय रोगको कोटीमा पर्दथ्यो । थला परेका बाबु बोयी कहिल्यै उठन सकेनन् ओछ्यानबाट । एकातिर क्षयले थलिएका बाबुको उपचार अर्कोतिर भ्रष्टाचारको आरोपमा जेलमा थुनिएका बाजेको रेखदेख । समाजमा जोरीपारी सब टाढिँदै गए ,भएको सिरिखुरी सब रित्तिँदै गयो । मुखेञ्जी ठिक्क पारेनि परोक्षमा सबले टीकाटिप्पणी गर्थे,कुरो काटथे भ्रष्टाचारीका सन्तान भनेर । तर आमा लु रुईले तमाम विपत्ति झेलेर पनि परिवारलाई सम्हालिन् । कान्छो छोरो बालखैमा बितेपनि तीन छोराहरूको लालनपालन र शिक्षादीक्षाको बन्दोवस्त पनि मिलाइन् । शहरमा टिक्न नसकेर यिनको परिवार फेरि गाउँ फर्क्यो । किशोर सुरेनको कलिलो मष्तिष्कमा परिवारको यो स्थितिले गहिरो छाप छोड्यो । बिरामी बुबाको उपचार हुन नसकेकोले परम्परागत चिनियाँ चिकित्सा पद्धतिउपर यिनको विश्वास टुट्यो । बाजेउपर लागेको भ्रष्टाचारको बातले चित्त कुँडियो । माध्यमिक शिक्षा यिनले शाओशिङमै प्राप्त गरे । यहीं यिनले अङ्ग्रेजी र जर्मनेली भाषा पनि सिके र पश्चिमा साहित्यसँग यिनले चिनारी गर्ने मौका पाए । जोन स्टुअर्ट मिलको 'स्वाधिनताबारे',अल्डस हक्सलेको 'विकासवाद र नैतिकता',वाल्टर स्कटका उपन्यास र कविताहरू तथा ह्यारिओट स्टोवको 'अंकल टम्स केबिन' पढेपछि परम्परागत कन्फुसियसको विचारको घेरो नाघेर पश्चिमा विचारप्रति यिनको झुकाउ बढदै गयो । माध्यमिक शिक्षापछि यिनी छात्रवृत्ति पाई आधुनिक चिकित्सा विज्ञानको अध्ययन गर्नका लागि १९०२ मा जापानको सेण्डाई शहरमा पुगे । चिकित्सा विज्ञानको अध्ययनका सिलसिलामा एक दिन त्यहाँका शिक्षकले युद्धसम्बन्धी एउटा वृत्तचित्र देखाए । तिनताका जापान र रुसको युद्ध पनि चलिरहेको थियो । त्यस वृत्तचित्रमा रुसीहरूको लागि गुप्तचरी गरेको आरोपमा पाता फर्काएर बाँधेर एक चिनियाँ सैनिकलाई जापानी सैनिकहरूले मरणान्त हुनेगरी कुटिरहेका थिए र अरु चिनियाँहरू त्यो दृश्य हेरेर पेट मिचिमिचि हाँसिरहेका थिए । यो दृश्य देखेर यिनी निकै मर्माहत भए । मन छियाछिया भयो । थुक्क चिनियाँहरूको बुद्धि ! यस्तो परचक्री ठाउँमा आफ्ना देशका मान्छे कुटिँदा पनि खित्का छाडेर कसरी हाँस्न सकेका ! कुटिने चिनियाँलाई देखेर हाँस्ने चिनियाँहरू मोटाघाटा र बलियाबाङ्गा थिए । त्यसैले यिनलाई लाग्यो –चिनियाँहरूलाई शारीरिक उपचारको होइन मानसिक उपचारको खाँचो छ । तिनमा चिनियाँ बन्धुत्व र चिनियाँ राष्ट्रवादको भावना छैन । चिनियाँहरूको मानसिक उपचार साहित्यबाट मात्र हुन सक्दछ । यस्तो ठहरका साथ यिनी सेण्डाईको चिकित्सा विज्ञानको पढाइ छाडी साहित्य पढन टोकियो हानिए । यिनको जीवनमा यो एउटा यस्तो महत्वपूर्ण मोड थियो जसले यिनमा राष्ट्रियताको भावना जागृत गर्न हेतु साहित्यको भोक जगाइदियो । चार वर्षे टोकियो बसाइमा यिनले पूर्वी युरोपेली र रुसी तथा स्लाविक कथाहरू,पोल्याण्डेली नोवेल प्राज्ञ (१९०५) हेनरिक सिन्केविजका कृतिहरू लगायत विज्ञान र दर्शनका बौद्धिक जागरणका केही कृतिहरू चिनियाँ भाषामा उल्था गरे । टोकियोप्रवासमै रहँदा यिनी क्विङ शासनविरोधी गतिविधिमा पनि लागे ।

१९०९ मा चीन फर्केपछि यिनी विद्यालय शिक्षक बने । विद्यार्थीकालदेखिनै जागरणसम्बन्धी विभिन्न लेखहरू लेख्न थालेका यिनले १९०९मा पहिलो कथा 'फर्केर हेर्दा' लेखे । १९११ को राजतन्त्रविरोधी आन्दोलनमा बुद्धिजीवीहरूको नेतृत्व गर्दै यिनी सक्रिय भएर लागे । डा.सन यात् सेनको नेतृत्वको गणतान्त्रिक आन्दोलनको सफलतापश्चातको सरकारमा यिनले शिक्षा मन्त्रालयमा विभिन्न महत्वपूर्ण पदमा रही शैक्षिक नेतृत्व सम्हाले । तर गणतान्त्रिक क्रान्तिले अपेक्षित सफलता पाउन सकेन । साम्राज्यवादी शक्तिहरूको दबदबा झनझन बढदै गयो । मुलुक गृहयुद्धमा होमियो । समाजमा चरम शोषण व्याप्त थियो । विश्वका साम्राज्यवादी शक्तिहरू युद्धमा होमिएका थिए । उता रुसमा समाजवादी क्रान्तिको सफलताले थिचिएकामिचिएका चिनियाँ जनतामा स्वतन्त्रताप्रति ठूलो उत्साह जगाइदिएको थियो । यस्तैमा यिनले लु सुनको छद्म नामबाट साम्राज्यवाद र सामन्तवादविरोधी कथा 'एउटा बौलाहाको डायरी' लेखे । यही कथाबाट चीनको आधुनिक कथा साहित्यको थालनी भएको मानिन्छ । साम्राज्यवादीहरूले विश्वयुद्धको समापनतिर चीनको भागवण्डा गर्न लागेका थिए ।

## ❑ विनोद सहयात्रीका दुई कविता

### मुट्ठी कस

❑ विनोद सहयात्री



तिमी मुट्ठी कस,
हेर !
उसले कसि सक्यो
हामी पनि कस्छौ अब
तपाईं पनि कस्नुस् ।

मुट्ठीभित्र साहस र संकल्प भरौं
सुन्दर सपना र भविष्य कोरौं
विद्रोहका मुट्ठी हुन् यी
विद्रोहका मुट्ठी
त्याग र बलिदानको उर्जा भरौं

हो अब केही गरौं
यो मुर्दा शान्तिको जिउँदो लास
बन्ने कहिलेसम्म ?
भ्रष्ट, दलाल, माफियाको शासन
सहने कहिलेसम्म ?

खारेज गरौ राष्ट्रघाती एमसीसी
गाडौं झण्डा लिम्पियाधुरामा
पर्खाल लगाऔं सिमानामा
अब अभिमान होइन
स्वाभिमानका लागि लडौं
देशको माया हुनेहरू एक भइ उठौं
विश्वका कुना काप्चा पुगोस् आवाज
शक्तिशाली आवाज उरालौं !

### एक झिमिकमा


एक झिमिकमा
बदलिसकेछन्
दृश्यहरू,
पात्र र सम्बन्धहरू,
पर्दाहरू
खेल र खेलाडीहरू,
बदल्ने र खेलाउने
भएपछि अरु नै

बदलिने रहेछन्

त्यी
रातारात
रक्सी उहीं
बोतल फेरिएझै

पपेट र प्यारासाइट
केवल घोडा
अन्तै हुन्छ लगाम
अन्तै हुन्छ रिमोट कन्ट्रोल
फगत ती हुन् प्यादा

# सुन्दरप्रसादको स्वर्ग यात्रा



● पि.पि. आचार्य ●

सुन्दरप्रसादजी उपसचिवसम्म हुन सकेका नेपाल सरकारका निस्कलङ्क निजामती कर्मचारी भए पनि सानातिना मानवीय कमजोरीबाट मुक्त भने थिएनन् । उनी घुस कमिसन खाँदैनन्, भ्रष्टाचार गर्दैनन् भन्दा आम मानिसहरू पत्याउन गाह्रो मान्थे । यो कुरो उनले पनि थाहा पाएका थिए र एकदमै दुःखी पनि हुन्थे । समाजमा कर्मचारीको स्वच्छ छवि बन्न नसकेकामा पिरोलिन्थे भुट्भुटिन्थे । परिस्थिति यस्ता निर्माण हुन्थे कि बेला बेला उनका मनमा समेत शोर्षफोर्स लगाएर मालदार ठाउँमा सरुवा हुने इच्छा जागृत हुने गर्थे, तर उनी त्यस्ता इच्छालाई काबुमा राखेर दबाउँथे । यसो गर्नमा सादा जीवन उच्च बिचार राख्न रुचाउने उनकी मिजासिली श्रीमतीको पनि ठुलो हात थियो । उस्तै श्रीमती परेकी भए उनको शान शौकतै भिन्नै हुन्थ्यो । उनको पावर बढेर सरकार फेरबदल गर्न सक्नेसम्मको हैसियत राख्ने भैसक्थे होलान् । उनी साथीभाइसँग बसेर साँझपख चुश्कि लाउने अनि बिदाका हाकिमले महिला कर्मचारीहरूसँग ठट्यौली गरेको, काम बिकाम दशौं पटक आफ्नो कार्यकक्षमा महिला कर्मचारीहरूलाई बोलाएको देखेर उनी पनि आफू हाकिम हुन पाए त्यसै गर्न पाइने कल्पनामा डुब्थे बेला बेला ।

एक दिनको कुरो हो - उनका एकजना साथीले छुट्टै एउटा म्यारिज खेल्ने ठाउँमा पुऱ्याएछन् । सधैं दुई रूपैयाँ/पाँच रूपैयाँ र दशैं तिहारमा यसो दश रूपैयाँ प्वाइन्टसम्म खेल्ने गरेका सुन्दरप्रसादजी त्यहाँ हजार रूपैयाँ प्वाइन्ट म्यारिज खेलेको देखेर साह्रै चकित परेका थिए । त्यस ठाउँमा कुन अड्डा, अदालतका कर्मचारी, कुन ठेकेदार/बिचौलिया, कुन नेता एवम् तिनका अघौटे पछौटे, कुन प्रहरी प्रशासनका अधिकारी, कुन डन वा टोले गुण्डाहरू खेल्दै थिए होला भन्ने सबैलाई थाहा भइराखेकै कुरा भएर यहाँ उल्लेख गरीरहनु सान्दर्भिक नहोला ।

अँ फेरि लागौं हाम्रा सुन्दरप्रसादजी तिरै । उनी एक घण्टाभन्दा बढी त्यहाँ बस्न सकेनन् । उनलाई आफू पनि त्यसरी नै हजार रूपैयाँ प्वाइन्ट म्यारिज खेल्न पाए हुन्थ्यो जस्तो लागिरह्यो । उनी मनमनै कुरा खेलाउन थाले । त्यतिबेला उनले ठ्याक्कै आफ्ना फुपाजुलाई सम्झे । फुपाजुका सम्धी काङ्ग्रेसका ठुला नेता । काङ्ग्रेसकै नेतृत्वको सरकार ! उनको शोर्ष लाइमागेर मालदार ठाउँमा सरुवा हुन पाए त, भन्दै उनी घर पुगे । बेलुका श्रीमतीसँग यस बिषयमा सल्लाह पनि गरे । तर उनकी श्रीमतीले उनलाई नाना तरहले सम्झाइबुझाई गरिन् र उनले मालदार ठाउँमा सरुवा हुने बिचार त्यागिदिए । मालदार ठाउँहरू कुन कुन हुन् भन्ने पनि सबैले जाने बुझेकै कुरो भा'को भएर यहाँ दर्शाइरहनै परेन ।

सुन्दरप्रसादजी उनन्चालिस वर्ष पुगेका मात्रै के थिए, एक दिन उनलाई अचानक झन्झनी रिङटा लाग्यो । उनी भुइँमा ढले । उनकी श्रीमतीले हत्तपत्त उनलाई अस्पताल पुऱ्याइन् । ल्याब रिपोर्टबाट थाहा भयो- उनको सुगर पनि प्रेशर पनि निक्कै माथि पुगिसकेको रहेछ । उनकी समझदार श्रीमतीले उनको खानपिनमा नियन्त्रण गर्ने, ब्यायाम गराउने, नियमित औषधि सेवन गराउने गर्न थालिछिन् । उमेर हद नाघेपछि जागिरबाट पनि अवकाश पाए । तर उनको स्वास्थ्य अवस्था भने राम्रो नै रह्यो । नब्बे वर्षको छेउछाउ पुग्दा समेत उनलाई सुगर प्रेशर बाहेक अरू कुनै रोगले छोएनन् । यसमा उनको आफ्नोभन्दा उनकी श्रीमतीको ठुलो हात थियो । यो कुरा उनले पनि राम्ररी नै महसुस गरेका थिए र श्रीमतीलाई बारम्बार धन्यवाद दिइरहन्थे । त्यस्ती समझदार एवम् गुनीली श्रीमती पाएकामा आफूलाई भाग्यमानी ठान्थे र गर्वले पुलङ्कित पनि हुने गर्थे ।

दशा बाजा बजाएर आउँदैन भन्ने भनाइले सुन्दरप्रसादजीको जीवनमा पनि सार्थकता पायो । तिर्थ जाने क्रममा गाडी दुर्घटना हुँदा उनका श्रीमान श्रीमती एकै चिहान भए । छिन भरमै यमदूतहरूले उनीहरूलाई यमलोक पुऱ्याई हाले । उनीहरूको पालो आएपछि यमराजले चित्रगुप्तलाई उनको खातामा भएको रेकर्ड अनुसारको उनीहरूको विवरण सुनाउन लगाए । चित्रगुप्तको विवरण सुनिसकेपछि यमराजले सुन्दरप्रसादजीलाई नर्क र उनकी श्रीमतीलाई स्वर्ग पठाउनु भनेर आदेश दिएछन् । त्यसपछि चित्रगुप्तले बिन्ती गरेछन्, 'महाराज ! यो सुन्दरप्रसादले तास त खेल्यो तर जुवाको रूपमा घर ब्यवहारै बिगार्ने गरी तास खेलेन । हजार रूपैयाँ प्वाइन्ट म्यारिज खेल्ने, मालदार ठाउँमा सरुवा भएर घुस/कमिसन खाने, भ्रष्टाचार गर्ने बिचार मात्रै गर्यो ; काम गरेन । रक्सी पिए पनि अदबका साथ पियो । श्रीमतीको सल्लाह मानीरह्यो ; गलत बाटोमा लागेन । महिलाहरूमाथि दुर्ब्यवहार गर्ने बिचार तुरुन्तै त्यागो । अतः हाम्रो न्याय बिधान अनुसार यसलाई एक हप्ता नर्कमा राखेर स्वर्ग पठाउनु पर्छ ।' चित्रगुप्तको कुरो सुनेपछि यमराजले भनेछन्, 'यसले अरूहरूले जस्तो श्रीमतीका राम्रा र ब्यवहारोपयोगी सुझावहरूलाई अक्षरसः पालना गरेको रछ त्यसैले यसलाई एक हप्तासम्म नर्कमा राखुञ्जेल कुनै सजाय नदिनू । अनि यसकी श्रीमतीलाई हाम्रो अतिथि कक्षमा राख्नू ।'

सुन्दरप्रसादजीले सात दिन नर्क बस्दा नर्कमा जानु परेका अन्य मानिसहरू कोही निर्बस्त्र नाङ्गै भएर बस्नु परेको, कसैलाई आराले चिर्दै गरेको, कसैका मुखमा इँटा, ढुङ्गा, रोडा,बालुवा कोच्याउँदै गरेको, कसैलाई कसैलाई कुकुरको पिसाबमा चोबेर तीन बुक तास छिटो खाइसक! भनेर हप्काएको, कसैलाई कौडा चपाउन लगाएको, कसैलाई मान्छेकै मलमुत्र खुवाउँदै गरेको, कसैलाई भकभक उम्लेको तेलमा चोब्दै निकाल्दै गरेको जस्ता सजायका बिभत्स घटना देखेछन् । उनको एक हप्ता नर्कबासको सजाय भुक्तान भएर उनलाई यमलोक ल्याइएछ । यमलोक आइपुग्ने बित्तिकै आफ्नी श्रीमतीका कारण आफू त्यस्तो बिभत्स एवम् क्रुर सजायबाट बञ्चित हुन पाएकोमा श्रीमतीलाई मुरी मुरी धन्यवाद दिदै श्रीमतीको खुट्टा समेत ढोगेछन् । त्यसपछि चित्रगुप्तले उनीहरूलाई स्वर्ग पठाई दिएछन् । स्वर्गमा इन्द्रादि देवताहरूले उनीहरूको भब्य स्वागत गरेछन् ।

एकछिनको आराम गराइ र भलाकुसारीपछि देवताहरूले उनीहरूलाई भोजन गृह लगेछन् । त्यहाँ स्वर्गका अनुपम स्वादका मिठाइहरू रहेछन् । श्रीमतीले कपाकप मिठाइ खान थालिछिन् तर सुन्दरप्रसाद हच्केछन् । त्यो देखेर इन्द्रले सोधेछन्, 'सुन्दरप्रसाद ! तिमीले किन मिठाइ नखाको ?' उनले जवाफ दिएछन्, 'इन्द्रदेव ! मलाई सुगर भा'को छ ।' इन्द्रले भनेछन्, 'सुन्दरप्रसाद ! यो स्वर्ग हो । यहाँ सुगर लागेकाले जति मिठाइ खाए पनि हुन्छ । केही फरक पर्दैन । गुलिया मिठाई खान खुब रुचाउने सुन्दरप्रसादले अघाउँजी मिठाई खाएछन् । त्यसपछि इन्द्रले सुन्दरप्रासादलाई अर्को ठुलो बैठक कोठामा पुऱ्याएछन् । त्यहाँ देवताहरू म्यारिज खेलीरहेका रहेछन् । अनि इन्द्रले सुन्दरप्रसादलाई भनेछन्, 'तिमी नेपालबाट आएका हौ त्यसैले आज हामी तिमीसँग नेपाली रूपैयाँमा म्यारिज खेल्छौं । भन कति रूपैयाँ प्वाइन्ट खेल्ने ?' सुन्दरप्रसादले डराइ डराइ दस रूपैयाँ प्वाइन्ट भनेछन् । त्यो सुनेर इन्द्रले हाँस्दै भनेछन्, 'धत लाटा ! तिमीलाई हजार रूपैयाँ प्वाइन्ट खेल्न मन लाग्या थियो होइन ? लु बस ! उ तिम्रो पैसा त्यहाँ छ ।' इन्द्रले आफ्नो पैसा हेरे । लाख लाखका बीस गड्डी रहेछन् । सुन्दरप्रसादले जमेर हजार रूपैयाँ प्वाइन्ट म्यारिज खेले र झण्डै तीन लाख जति जितेछन् पनि ।

साँझ पर्न थालेपछि स्वर्गमा मदिरा सेवन समय हुँदो रहेछ । सुन्दरप्रसाद मदिरा सेवन गर्न अलि हच्केको देखेर इन्द्रले भनेछन्, 'यो स्वर्ग हो । पृथ्वीमा जस्तो यहाँ मदिरा सेवन गर्न धक मान्नु पर्दैन । स्वर्गमा धेरै मदिरा सेवन गर्दा कुनै लाज हुँदैन । पिऊ! खुब पिऊ !' सुन्दरप्रसादले पनि धक फुकाएर मदिरा सेवन गरेछन् । मदिरा सेवन गरिसकेपछि नृत्यशालामा जानु पर्दो रहेछ । एक से एक सुन्दरी अप्सराहरू तालमा ताल मिलाएर नाचिरहेका हुँदा रहेछन् । हाम्रा सुन्दरप्रसादजी पनि लठ्ठ परेर अप्सराहरूको नृत्य हेर्न थालेछन् । एकछिन पछि त दुइटी अप्सरा आएर उनका दुई हातमा समातेर तानेर लगेर उनलाई बिचमा पारेर नचाउन थालेछन् । नाच्दै गर्दा बेला बेला हुने अप्सराहरूसँगको स्पर्शले उनी लाजले भुतुक्कै हुँदा रहेछन् । त्यो देखेर इन्द्रले उनलाई सम्झाउँदै भनेछन्, 'सुन्दरप्रसाद ! यो स्वर्ग हो । यहाँ त्यसरी लाज मान्नु पर्दैन । तिमीहरूको पृथ्वीमा जस्तो यहाँ कसैसँग बात पनि लाग्दैन । नाच ! मज्जाले नाच !' त्यसपछि त सुन्दरप्रसादजी झुमेर नाच्न थालेछन् । नृत्य सिद्धिनासाथ सुन्दरप्रसाद आफ्नी श्रीमती छेउ पुगेछन् र श्रीमतीका गालामा पटापट चार चड्कन लगाएछन् । त्यो देखेर इन्द्र कड्केछन्, 'सुन्दरप्रसाद ! यो स्वर्ग हो । यहाँ पृथ्वीमा जस्तो बिना कारण श्रीमती कुट्न पूर्ण रूपले बर्जित छ । अब तिमीलाई कडा दण्ड दिइनेछ । यो सुनेर सुन्दरप्रसादले भनेछन्, 'हे इन्द्रदेव ! मैले यसलाई अकारणै चड्कन हानेको होइन । मसँग पर्याप्त कारणहरू छन्, प्रभु ।'

इन्द्रले फेरि कड्किँदै भनेछन्, 'तिम्रा कारणहरू पेश गर ।' त्यसपछि सुन्दरप्रसादले भनेछन्, 'हे स्वर्गाधिपति ! मलाई उनन्चालिस वर्षको उमेरमै सुगर प्रेशर दुइटैले भेटीसकेको थियो । यो दुष्टाले मलाई पथ परहेजमा नराखेकी भए, ब्यायाम नगराएकी भए, गुलिया मिठाइ खान, धक फुकाएर मदिरा सेवन गर्न दिएकी भए म लगभग पैंतालिस वर्षकै उमेरमा स्वर्ग आइपुगीसक्ने रहेछु, इन्द्रदेव ! तर यस पापिनीले मलाई झण्डै अरू पैंतालिस वर्ष उतै पृथ्वीमै रोकेर राखी । धन्न धन्न गाडी दुर्घटना भैदियो र मात्रै नत्र त यस पिशाचिनीले मलाई अझै कति वर्ष उतै बँचाएर राख्ने थिई । म स्वर्गको यो बैभव एवम् आनन्द लुट्न पाउने थिइन, महाराज ! अतः यो मेरी परम शत्रु हो महाराज ! यसले कडाभन्दा कडा दण्ड सजाय पाओस्, इन्द्रदेव ! दण्ड मलाई होइन यस अपराधिनीलाई दिइयोस् !' यो सुनेर इन्द्रले भनेछन्, 'तिम्रो तर्क एकदमै सही छ । ढुक्क होऊ ! तिम्री श्रीमतीले तिमीले चाहे अनुसारको दण्ड सजाय पाउनेछिन् ।'

## बुद्धिजीवीहरूबारे...
र वैज्ञानिक प्रयोगलाई बुझ्केको खण्डमा जनतालाई छिटो बुझाउन सकिन्छ । बुद्धिजीवीहरूको पूनर्संस्कारको प्रश्न निकै महत्वपूर्ण छ । बुद्धिजीवीहरू नभई हाम्रो कामकाज राम्रोसँग चल्न सक्दैन, त्यसैले हामीले उनीहरूसित एकता गर्नुपरेको छ । समाजवादी समाजमा मूख्य रूपले तीन प्रकारका मानिसहरू हुन्छन्, किसान, ज्यामी र बुद्धिजीवी । बुद्धिजीवीहरू मगजले काम गर्दछन् । उनीहरूको काम जनताको सेवाका निम्ति अर्थात ज्यामी र किसानहरूको सेवाका निम्ति हो । यति मात्र होइन, बुद्धिजीवीहरूले शिक्षा दिने काम पनि गर्दछन् । हाम्रा साहित्यकार र कलाकार, वैज्ञानिक र प्राविधिक, प्रोफेसर र अध्यापक, यी सबैले विद्यार्थीलाई शिक्षित तुल्याउँछन् । तर, केहीले आफूलाई विद्वान र ठूलो ठान्छन्, शेखीले नाक फुल्याउँछ । अनि, उनीहरू मजदुर किसानझैं दह्रो भएर सर्वहारा अधिनायकत्वको पक्षमा उभिन सक्दैनन् । बुद्धिजीवीहरू जनसमूहसँग एकाकार हुनुपर्दछ । बुद्धिजीवीहरूले आफ्नो काम राम्रो तरीकाले गर्नुपर्दछ । उनीहरू किसान र ज्यामीहरूलाई प्रेम गर्न सक्नुपर्दछ । तिनीहरूले पुस्तकमा होइन, जीवनबाट ज्ञान हासिल गर्ने कुरामा दत्तचित्त हुन सक्नुपर्दछ । पुस्तकहरू पढ्न जरुरी छ ।

तर, पुस्तकहरू पढ्नाले मात्र समस्याहरू छिन्न सकिँदैन । हामीले हिजोआजको परिस्थितिको अध्ययन गर्नुपर्दछ । व्यवहारिक अनुभव र ठोस सामग्रीको जाँचबुझ गर्नुपर्छ र ज्यामी र किसानहरूसित मित्रता कायम गर्नुपर्दछ ।समाजवादका लागि शुद्धिकरणको प्रश्न निकै महत्वपूर्ण छ । शुद्धीकरण आन्दोलनले मूख्य तीन कुरा बदल्नुपर्छ, मनोगतवाद, नोकरशाहीवाद र संकिर्णता । हामीले पछि हुने गल्तीहरूबाट जोगिन पहिलेका गल्तीहरूबाट पाठ सिक्ने र रोगीलाई बचाउन उसको रोगको ओखती गर्ने नीति लागू गर्नुपर्छ र मानिसहरूलाई एकैचोटि सिध्याइहाल्ने तरीकाको विरोध गर्नुपर्छ । हामी कम्युनिष्टहरू हौं, आलोचना हाम्रो विजयको द्योतक हो । आलोचनाबाट डराउने वा भाग्ने तरीकाले पाटी शुद्धीकरण हुन सक्दैन । एकलकाटेपना हाम्रो शत्रु हो । एकलकाटेपना भनेको निरपेक्ष दृष्टिले विचार गर्नु अर्थात् समस्याहरूप्रति आध्यात्मवादी विचार लिनु हो । हामी यो खराबीबाट सधैं सतर्क रहनुपर्छ । हामीले सयौं फूलहरू फुल्न दिने नीति लिएका छौं । यो हाम्रो अस्थायी कुरा होइन । खुला छुट दिनुको अर्थ हो, सारा मानिसहरूलाई धक फुकाएर राय दिने मौका दिनु, जसबाट उनीहरू आँटिलो भएर बोल्न सकुन्, आँटिलो भएर आलोचना गर्न सकुन् र आँटिलो भएर छलफल गर्न सकुन् । यसको अर्थ हो, गलत विचारहरूलाई नदबाइयोस् । बरु, तर्कद्वारा सम्झाउने कोशिस गरियोस् ।

## नेकपा विप्लव...
नेत्रविक्रम चन्द विप्लवको राजनीतिक प्रस्तावमाथि धारणा राख्ने क्रम जारी छ। शुक्रबारदेखि कपिलवस्तुमा सुरु भएको बैठकमा हालसम्म ३४ जनाले धारणा राखेका छन्। सोमबारसम्म धारणा राखेका ३४ जनामध्ये २० जना महासचिव विप्लवको प्रस्तावको विपक्षमा र १४ जना प्रस्तावको पक्षमा बोलेको एक केन्द्रीय सदस्यले जानकारी दिए ।

विप्लवले निर्वाचनमा सहभागी हुनुपर्ने राजनीतिक प्रस्ताव बैठकमा पेस गरेपछि प्रस्तावको विपक्षमा अधिकांश केन्द्रीय सदस्य देखिएका छन्। सचिवालयका नेताहरू हेमन्तप्रकाश वली र धर्मेन्द्र बाँस्तोला प्रस्तावको विपक्षमा उभिएका छन् भने खड्गबहादुर विश्वकर्मा र सन्तोष बुढा निर्वाचनमा सहभागी हुनुपर्ने पक्षमा छन् । निर्वाचनमा सहभागी हुनुपर्ने विप्लवको प्रस्तावको पक्षमा केन्द्रीय सदस्यहरू अनील शर्मा, उमा भुजेल, भरत बम, चिरन पुन, असल क्षेत्री, माइला लामा, ओमप्रकाश पुन, सन्तोष बुढा, खड्गबहादुर विश्वकर्मालगायतका नेताहरूले धारणा राखेका छन् भने दीपक चलाउने, चूडामणि ओली, कृष्ण वाग्ले, वसन्त श्रेष्ठ, मोहनलाल चन्द, दीपेश राई, भेषराज भुसाल, बाला थापा, धर्मेन्द्र बाँस्तोला, हेमन्तप्रकाश वली सुदर्शन, सन्देश पौडेललगायतका नेताहरूले निर्वाचन बहिस्कार गर्नुपर्ने मत जाहेर गरेका छन् ।

## कथित...
नौटंकी गरिएकोले चुनावको हामी प्रतिरोध गर्ने उहाँले बताउनुभयो ।

त्यस्तैगरी क्रान्तिकारी माओवादी जिल्ला सचिवालय तथा जिल्ला समितिको पुर्ण बैठकले जिम्मेवारी समेत हेरफेर गरेको छ । बैठकले जिल्ला सेक्रेटरी चोलाको स्वास्थ्य परिस्थितिलाई मध्यनजर गर्दै प्रदेश सदस्य समरलाई कार्यबहाक जिल्ला सेक्रटरीको जिम्मेवारी दिएको छ ।

बैठकले देशभक्त जनगणतान्त्रिक मोर्चाको प्रदेश भेलाको लागि प्रतिनिधिमा जिल्ला संयोजक चुडामणी भण्डारी र कमल तमुलाई पठाउने निर्णय लिएको कार्यबहाक सेक्रेटरी समरले जानकारी दिनुभयो ।

उहाँका अनुसार चुनाव बहिस्कारका लागि पुर्व तयारीस्वरूप चैत्र १८ गते अखिल क्रान्तिकारी , १९ गते क्रान्तिकारी युवा लीगको जिल्ला बैठक र चैत्र २६ गते अखिल नेपाल महिला संघ( क्रान्तिकारी) को जिल्ला भेला तथा चैत्र ३० गते किसान महासंघको जिल्ला भेला सम्पन्न गर्ने निर्णय गरिएको छ ।

त्यस्तै चुनाव बहिस्कारको सन्दर्भमा स्थानीय पार्टी कमिटीहरूको बैठक बस्ने तालिका अनुसार बर्दघाट नगर समितिको बैठक चैत्र २० गते बस्ने जिल्ला सचिवालय सदस्य तथा नगर सेक्रेटरी रामचन्द्र पोखरेलले जानकारी दिनुभयो ।

## असली...
उहाँले भन्नुभयो, 'यो चुनावले जनप्रतिनिधि भन्दा पनि व्यापारी बनाउँछ, अहिले चुनावमा मासु, रक्सि र पैसा दिएर मत किन्छ, पछि त्यही रकम असुलीमा लाग्छ । यो चुनावले भ्रष्ट व्यापारीमात्र जन्माउँछ, असली जनप्रतिनिधि आउन सक्दैन ।'

## निर्वाचन...
नौटङ्की गर्दै कसरी राष्ट्रलाई ब्रम्लुट गर्ने र असफल बनाउने षड्यन्त्रमा लागेका दलाल विदेशीका मतियारलाई परास्त पार्नु पर्ने बिषयमा छलफल भएको सेक्रेटरी संकुलले जानकारी दिनुभयो ।

## स्थानीय...
उपयोग कि बहिस्कार ? भन्ने प्रश्न असान्दर्भिक छ, उनीहरूका लागि हरेक चुनाव एउटा नौटंकी प्रदर्शन गर्ने र त्यसबाट जनतालाई एउटा निश्चित अवधिका लागि कतिसम्म वेवकुफ बनाउन सकिन्छ, त्यसको अभ्यास र अवसर हो ।

चुनावको उपयोग कि बहिस्कार ? भन्ने प्रश्नमा क्रान्तिकारीहरूबीचमा सधैभरी बहस र छलफलको विषय भएर आउने गर्दछ र आखिरमा अनेकौं तर्कवितर्कपछि चुनावको उपयोग र बकिष्कार गरेका कैयौं उदाहरणहरू पनि छन् ।

संसदीय व्यवस्थामा गरिने चुनावको उपयोग कि बहिस्कार ? भन्ने प्रश्नमा मार्क्सवादको विकाससँगै मार्क्सवादका गुरुहरू–मार्क्स, लेनिन र माओले भनेका उहाँहरूका अनुभवहरू नेपालका क्रान्तिकारी कम्युनिस्टहरूका निम्ति वर्तमानमा पनि मनयोग्य मात्रै होइन कार्यान्वयन गर्नै पर्ने प्रकारका छन् ।

सधै भनिने गरिन्छ कि प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गत हुने जुनसुकै तहको निर्वाचन एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीका लागि कार्यनीतिक प्रश्न हो । तर त्यो कार्यनीतिले पार्टीको रणनीतिको सेवा गर्नुपर्दछ । नेपालको सन्दर्भमा एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीको न्युनतम रणनीति नेपालमा नयाँ जनवादी क्रान्ति हुँदै वैज्ञानिक समाजवाद स्थापना गर्ने र समाजलाई समाजवादको विकाससँगै सम्यवादसम्म पुर्याउने हो । यो क्रान्ति शान्तिपूर्ण ढङ्गबाट सम्भव छैन भन्ने कुरा क्रान्तिकारी कम्युनिस्टहरूलाई थाहा छ । त्यसका लागि बल प्रयोग अनिवार्य हुन्छ भन्ने पनि थाहा छ । एउटा क्रान्तिकारी पार्टीले अवलम्बन गर्ने कुनै पनि कार्यनीतिले वैज्ञानिक समाजवाद प्राप्त गर्ने रणनीतिलाई मद्दत पुरयाएको हुनुपर्दछ । क्रान्तिकारी वर्गसङ्घर्षलाई अगाडि बढाउन सहयोगी हुनुपर्छ । एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीले यही सत्यको आधारमा कार्यनीतिको विकास र विन्यास गर्न जरुरी हुन्छ ।

यसअर्थ एउटा सही मार्क्सवाद–लेनिवादी–माओवादी कम्युनिस्ट पार्टीले निर्वाचनको उपयोग पनि गर्न सक्दछ र वहिस्कार पनि । चुनावको निरपेक्ष बहिस्कार वा निरपेक्ष उपयोग भन्ने कुरा मार्क्सवादी दृष्टिकोणमा सही होइन । के गर्ने ? बहिस्कार कि उपयोग भन्ने कुरा कसैको मनोगत इच्छाको विषय पनि होइन । जनताका बीचमा क्रान्तिकारी विचारको विस्तार गर्न र त्यसका आधारमा वलियो संगठन निर्माण र क्रान्तिको तयारी गर्न वहिस्कार वा उपयोग दुवै नीति बनाउन सकिन्छ । बहिस्कार सधै क्रान्तिकारी र उपयोग सधै सुधारवादी भन्ने हुँदैन । ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सकिएन भने उपयोग वा बहिस्कार दुवैले क्रान्तिलाई क्षति नै पु–याउँछ । सधै उपयोग त मिलेगँवादी सुधारवाद नै हो मार्क्सवाद होइन ।

विश्व कम्युनिस्ट आन्दोलनलाई हेर्ने हो भने सन् १९०५ को क्रान्ति असफल भएपछि १९०७ मा लेनिनले दुमाको उपयोग गर्नुभएको थियो र उहाँले कैयौं चुनाव बहिस्कार गर्नुभएको पाइन्छ । नेपालमा पनि कैयो चुनाव उपयोग गरेको, कैयो चुनाव लगातार बहिस्कार गर्दै आएको पनि इतिहास छ । त्यसकारण बहिस्कार र उपयोग तत्कालीन परिस्थितिमा निर्भर हुन्छ भन्ने स्पष्ट हुन्छ । तत्कालको परिस्थितिमा क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन वहिस्कार वा उपयोग जसले बढी सहयोग गर्छ त्यही कार्यनीति एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीका लागि उपयुक्त हुन्छ । वस्तुगत परिस्थिति फेरिएपछि पार्टीले कार्यनीति बदल्नुपर्छ । त्यसकारण कमरेड लेनिनले 'कार्यनीति २४ घण्टाभित्रै बदलिन सक्छ' भन्नुभएको थियो । क्रान्तिकारीहरूले यसलाई आत्मसात गर्न जरुरी हुन्छ ।

के स्पष्ट हो भने संसदीय प्रतिक्रियावादी सत्तालाई ध्वस्त पारेर वैज्ञानिक समाजवादको निर्माण गर्ने उद्देश्य सहितको निर्वाचन बहिस्कार जरुरी हुन्छ । र प्रतिक्रियावादी सत्ताको रक्षा गर्ने खालको निर्वाचनको उपयोग प्रतिक्रियावादी हुन्छ ।

यस सन्दर्भमा लेनिन भन्नुहुन्छ– 'कहिले सङ्घर्षको संसदीय तरिका अवलम्बन गरिन्छ त कहिले गैर संसदीय तरिका, कहिले संसदको बहिष्कार गर्ने कार्यनीति अवलम्बन गरिन्छ त कहिले संसदमा भाग लिने, कहिले गैरकानुनी सङ्घर्ष हुन्छन् त कहिले कानूनी तरिकाको अभ्यास गरिन्छ र यी विभिन्न रूप र तरिका एक अर्कासित सम्बन्धित हुन्छन् ।' यसलाई अझ स्पष्ट पार्दै लेनिन थप भन्नुहुन्छ, 'हामी बोल्शेभिकहरूले घोरभन्दा घोर प्रतिक्रियावादी संसदहरूमा भाग लिएका छौं र अनुभवले के कुरा साबित गरिदिएको छ भने त्यसमा भागलिनु क्रान्तिकारी सर्वहारावर्गको पार्टीका लागि केवल लाभदायक मात्र होइन, अपितु आवश्यक पनि थियो ।'

लेनिनका अनुसार कुनै पनि कार्यनीति क्रान्तिकारी छ कि सुधारवादी भन्ने कुरा सम्बन्धित पार्टीको निर्देशक विचार के हो र कस्तो राजनीतिक उद्देश्य र लक्ष्य पुरा गर्न त्यो कार्यनीति अवलम्बन गरिएको छ भन्नेबाट निर्धारित हुन्छ । तर क्रान्तिकारी कम्युनिस्टहरूले कहिल्यै पनि रणनैतिक गल्ती गर्नुहुँदैन । गल्ती हुने र हुन सक्ने कार्यनीतिमा नै हो । क्रान्तिलाई बिजयमा पुऱ्याउने कार्यनीति नै हो तर सिध्याउने पनि कार्यनीतिले नै हो । नेकपा(मसाल) हाम्रा अगाडि यस्तै अवस्थाबाट गुज्रीरहेको छ । उसको रणनैतिक गल्ती नहुंदा हुँदै पनि वारम्वारको गलत कार्यनीतिले उसलाई क्रमसः सिध्याउने काम गरेको छ । यसले के स्पष्ट हुन्छ भने कार्यनीतिको बाटो असाध्यै जोखिमपूर्ण, घुम्तीपूर्ण हुन्छ तर त्यसका पछाडी महान् संभावनाहरू पनि लुकेका हुन्छन् ।

कम्युनिस्ट घोषणापत्रमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले कम्युनिष्टहरूको तत्कालीन ध्येय–सर्वहाराहरूलाई वर्गको रूपमा संगठित गर्नु पुँजीपति वर्गको प्रभुत्वको मुलोच्छेद गर्नु र सर्वहारावर्गको राजनीतिक सत्ता कायम गर्नुपर्ने बताउनुभएको छ । उहाँहरूले आधुनिक राज्यसत्ता भनेको तमाम् पुँजीपति वर्गको सामान्य कार्यको प्रबन्ध गर्ने समिति मात्र भएको भन्दै सर्वहारावर्गले बल–प्रयोगद्वारा पुँजीपति वर्गलाई हटाएर आफ्नो सत्ता कायम गर्नुपर्ने कुरामा जोड दिनुभएको छ ।

महान बहसमा माओत्सेतुङले जहिलेसम्म फौजी–नोकरशाही संयन्त्रमाथि पुँजीपति वर्गको कब्जा रहन्छ, तबसम्म सर्वहारावर्गले संसदीय मार्गबाट समाजवाद हासिल गर्ने कुरा असम्भव छ र धोका मात्र हुने बताउनुभएको छ । तसर्थ, नेपालको वर्तमान सन्दर्भमा देशले संसदीय व्यवस्थाको विकल्प खोजिरहेका बेला चुनावको उपयोगको नाराको अर्थ प्रतिक्रियावादीको सेवा नै हो ।

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास आन्दोलन, युद्ध वा विद्रोह र बलिदानमार्फत् स्थापित इतिहास हो । तर ती आन्दोलन, युद्ध वा विद्रोहको नेतृत्व गर्ने नेताहरूमा देखिएको विविधखाले विचलन, घोर अवसरवादी तथा संशोधनवादी विचार र दृष्टिकोणका कारण युद्ध र आन्दोलनमार्फत् अभिव्यक्त जनादेशको सम्मान हुन सकेन र त्यो संस्थागत पनि हुन सकेको छैन । परिणाम नेपालमा जनताको वास्तविक राज्यव्यवस्थाको स्थापना झन झन टाडाको विषय बन्दै गयो र हरेक पटक जनादेशको घाँटी निमोठ्ने काम गरियो । विगतमा गरिएका सबै युद्ध र आन्दोलनमाथि ठूलठूला धोका र गद्दारीहरू भए ।

२०५२ फागुन १ गते

नेपालबाट राजतन्त्रसँगै संसदीय व्यवस्थाको समूल अन्त्य गरेर मुलुकमा संघीय जनगणतन्त्रको स्थापना गर्ने स्पष्ट लक्ष्य लिएर दशवर्षसम्म जनयुद्ध लडेको तत्कालीन माओवादीको ठूलो हिस्सा मरणासन्न अवस्थामा पुगेको त्यही संसदीय व्यवस्थालाई पुनर्जीवित गराउन मात्रै पुगेन नेपालका राजनीतिक दलहरूको अत्याधिक ठूलो हिस्साले एमसीसी र कालापानी, लिपुलेकमार्फत अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको नांगो हस्तक्षेपका लागि उनीहरूकै दलाली गर्न पुगेको छ ।

अहिले जनयुद्ध लडेका अधिकांश नेता कार्यकर्ताहरू यही भ्रष्ट, नालायक, निकम्मा, देशघाती र जनघाती राज्यव्यवस्थाको रूपमा बदनाम संसदीय व्यवस्थाका भद्दा मतियार बन्न पुगेका छन् । तै पनि त्यहाँभित्र क्रान्तिकारी देशभक्तहरूको एउटा बलियो विद्यमान पंक्ति छ ।

संसदीय व्यवस्थाका मतियार बन्नका लागि नेपालको सन्दर्भमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको भक्ति र चाकडी अनिवार्य सर्त हो । संसदीय व्यवस्थाको एक नम्वरको राजनीतिक दलका रूपमा आफूलाई घोषित गर्दै आएको नेपाली काँग्रेसले सधैंभरि वैदेशिक प्रतिक्रियावादी शक्तिहरू खाससगरी अमेरिकी साम्राज

नेपालका एक समयका क्रान्तिकारी कम्युनिस्टहरूलाई जनताको बहुदलीय जनवाद(जवज)को नाममा नेपाली काँग्रेसले जस्तै संसदीय व्यवस्थाको एक नम्वरको राजनीतिक दलका रूपमा आफूलाई स्थापित गर्ने स्व. मदनभण्डारीको नकारात्मक भूमिका रहेको छ । र जनताको बहुदलीय जनवाद(जवज)को झण्डा बोकेर भाइ काँग्रेसका रूपमा संसदीय व्यवस्थामा प्रतिष्पर्धामा उत्रिएको नेकपा(एमाले)ले नेपालका क्रान्तिकारीहरूलाई बेवकुफ बनाउँदै आएको यथार्थता हो भने अहिले सारा देशभक्त, वामपन्थी, कम्युनिस्ट क्रान्तिकारीहरूलाई बेवकुफ बनाउँदै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले नेकपा(एमाले)लाई प्रतिष्थापन गर्न भाइ एमाले बन्ने प्रतिष्पर्धामा आफूलाई आफैले राष्ट्रघाती करार गरेको राष्ट्रघाती एमसीसी पास गर्न रातारात खलनायकको भूमिका खेले । केवल निहित र दलगत स्वार्थका खातिर देशै बेच्न पनि पछि परेनन् ।

संसदीय व्यवस्थाका आम विशेषताहरू–वैदेशिक शक्तिकेन्द्रहरू खासगरी भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवाद र देशभित्र भ्रष्टाचार, कमिसनका काण्डैकाण्डदेखि जनताको ढाँड भाँच्ने गरी असुलिएको करसम्म, महंगी, बेरोजगारी, हत्या, हिंसा, बलात्कारदेखि जातीय छुवाछुतसम्मका राष्ट्रघात र जनघातका श्रृङ्खलाहरूमा आफू र आफ्नो पार्टीलाई चुर्लुम्म डुवाउदै र संसदीय व्यवस्थामा नीर्वाचन जितका लागि साम, दाम, दण्ड, भेद लगायत सबै हर्कत प्रयोग गरेर यहाँसम्म कि बुथ क्याप्चर गरेर, बक्सा साटासाट गरेर, डर, धाक, धम्की वा राज्यशक्तिको समेत दुरुपयोग गरेर चुनावी परिणाम आफ्नो पक्षमा पार्ने क्रियाकलापहरूका लागि योजनावद्ध तयारीमा लागेका छन् । र काँग्रेस, एमाले, माओवादी केन्द्र, एसमाजवादी, जसपा, लोसपा सबै यही तयारीमा लागेका छन् । यी पार्टीका नेता तथा कार्यकर्ताको ठूलो पंक्तिको नै बिचौलियाकरण भएको छ ।

परिणामतः संसदीय व्यवस्थाको चुनावमा भ्रष्ट, अनैतिक तथा विदेशी दलालहरू, पैसा र गुण्डा परिचालन गर्न सक्नेहरूले नै चुनाव जित्ने गरेका दृष्टान्तहरू प्रशस्तै छन् । एमसीसी जस्तो राष्ट्रघाती एमसीसी सम्झौता पास गरेर देशको स्वाधीनता र सार्वभौमिकतालाई दाउमा हाल्ने संसदीय व्यवस्थाको औचित्य समाप्त भइसकेको छ । संसदीय व्यवस्थाका तीनवटै अंगहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाका पूर्णरूपमा पटक पटक असक्षम र जनघाती साबित भइसकेको पृष्ठभूमिमा हुन गइरहेको यही संसदीय व्यवस्था अन्तर्गतको स्थानीय चुनावमा जनताले किन र कसलाई, भोट दिने ? वर्तमानका लागि यो गम्भीर प्रश्न हो ।

अहिले संसदीय व्यवस्थालाई सुदृढ बनाउने हरेक नीर्वाचनमध्ये आधारका रूपमा रहेको स्थानीय नीर्वाचनको भेलमा संस्थागत रूपले नेकपा(क्रान्तिकारी माओवादी) बाहेक अन्य सबै कम्युनिस्ट पार्टीहरू होमिने कसरतमा देखिएका छन् । यद्धपि ती संशोधनवादी र संसदवादी कम्युनिस्ट पार्टीहरूभित्र एउटा हिस्सा क्रान्तिकारीहरूको पनि देखिएको छ, जसले स्थानीय नीर्वाचनलाई बहिष्कार गर्ने मत पनि राखेका छन् ।

यही सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठकले संसदीय व्यवस्था अन्तर्गतको आसन्न स्थानीय निर्वाचन सशक्त रूपमा बहिस्कार गर्ने निर्णय गरेर सिद्धान्ततः एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीले नेपालमा नयाँ जनवादी क्रान्तिका लागि आवश्यक जिम्मेवारी पुरा गर्ने मार्गतर्फ आफूलाई अग्रसर गराएको छ ।

स्थानीय तहको निर्वाचन किन बहिस्कार गर्ने ? त्यसको आधार र कारणबारे पार्टीको केन्द्रीय समितिको बैठकमा यसरी भनिएको छ, 'प्रतिक्रियावादी, अवसरवादी तथा भ्रष्ट तत्वहरूद्वारा पैसाको खोलो बगाउने भएको, चरम रूपमा साधन स्रोतको दुरुपयोग तथा शक्ति प्रदर्शन गर्ने देखिएको, स्वच्छ तथा निष्पक्ष निर्वाचनको कुनै संभावना नरहेको, प्रतिक्रियावादी राज्यसत्ताका तीनओटै अङ्ग असफल सावित हुँदै गए पनि नोकरशाही राज्य संयन्त्रको बलमा यो सत्ता तथा व्यवस्था टिक्न पुगेको, अहिले संसदमा राष्ट्रघाती एमसीसी अनुमोदन गर्ने काममा नेकाका साथै कम्युनिस्ट नामधारी माके, एकीकृत समाजवादी, एमाले लगायतका राजनीतिक दलहरूद्वारा अमेरिकी साम्राज्यवादको चरम दलाली तथा राष्ट्रिय गद्दारी गरिएको स्थितिमा तिनको अझै भण्डाफोर गर्न अति जरुरी भएको, निर्वाचन उपयोगको प्रश्न हरेक दृष्टिले सार्थक बन्ने संभावना नरहेको र पार्टीको क्रान्तिकारी छवि उपयोग होइन बहिष्कारद्वारा नै समुज्ज्वल हुने देखिएकोले स्थानीय निर्वाचनको बहिष्कार गर्ने नीति अवलम्बन गरिएको कुरा उल्लेख गरिएको छ ।"

त्यसैगरी राष्ट्रघाती एमसीसीबारे भनिएको छ, "हालै संसदमा कथित बहुमतद्वारा अनुमोदन गरिएको एमसीसी संझौताबारे उल्लेख गर्दै भनिएको छ – अमेरिकी साम्राज्यवादद्वारा नेपालमा थोपर्ने धृष्टता गरिँदै आएको एमसीसी सम्झौता विशुद्ध आर्थिक आवरणमा पेस गरिए पनि सारमा हिन्द–प्रशान्त रणनीतिको अभिन्न अङ्ग भएको, नेपालको कानुन भन्दा माथि रहेको, अनेकौं कडा शर्तहरू थोपरिएको तथा ती संशोधन नै नहुने भनिएको, नेपालको राष्ट्रिय हित, असंलग्न परराष्ट्र नीति, राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताका विरुद्ध भएको र अमेरिकाको नवउपनिवेशवादी नीति अनुरूप नेपाललाई सैन्य अखडामा परिणत गर्ने अति घृणित उद्देश्यमा आधारित निकै खतरनाक एवम् हानिकारक रहेको छ । त्यसका विरुद्ध हाम्रो पार्टी लगायत विभिन्न वामपन्थी शक्ति तथा अन्य देशभक्त जनताद्वारा निरन्तर संघर्ष संचालन गरिएको र कैयौं देशभक्त सांसदहरूद्वारा सशक्त आवाज उठाइएको भए पनि त्यस प्रकारको जनअभिमतको घोर अवज्ञा गरी नेकाको नेतृत्वमा रहेको गठबन्धन सरकार तथा त्यसमा आवद्ध माओवादी केन्द्र एवम् एकीकृत समाजवादी जस्ता कम्युनिस्ट नामधारी गुटहरूद्वारा अमेरिकी साम्राज्यवादको दलाली गर्दै कथित व्याख्यात्मक घोषणाको भ्रमजाल खडा गरी संसदको कथित बहुमतको नौटङ्की रचेर सो राष्ट्रघाती संझौता अनुमोदन गरियो । यस स्थितिमा हामीले यस संझौतालाई अनुमोदन गर्ने दलालहरूको सशक्त विरोध तथा भण्डाफोर गर्दै देशको राष्ट्रिय स्वाभिमान तथा सार्वभौमिकताको पक्ष र राष्ट्रघाती सम्झौताको खारेजीका लागि संघर्षलाई निरन्तर अगाडि बढाउँदै जानु पर्दछ ।"

त्यसैगरी भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमिका सम्बन्धमा भनिएको छ, 'भारतीय विस्तारवादद्वारा दार्चुलाको कालापानी क्षेत्रमा अतिक्रमण गरिएको र अमेरिकी साम्राज्यवादद्वारा एमसीसी संझौता संसदमा अनुमोदन गरिएको स्थिति पैदा हुनुमा देशका प्रतिक्रियावादी तथा संशोधनवादी शासक वर्ग एवम् कम्युनिस्ट नामधारी एमालेद्वारा गरिएको दलाली तथा गद्दारीको उल्लेख गर्दै र यो बेला राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या अत्यन्तै विकराल बन्न पुगेको बताउँदै भनिएको छ – यो बेला हामीले तात्कालिक रूपमा राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका जल्दाबल्दा समस्यालाई लिएर एकल तथा संयुक्त रूपमा सङ्घर्षलाई विकसित तुल्याउँदै जानु पर्दछ भने दीर्घकालीन रूपमा वर्तमान सत्ता तथा व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापनार्थ क्रान्तिको तयारीमा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ ।'

यसरी स्थानीय नीर्वाचनलाई एमसीसी पासगरेर अहिले लाजै पचाई जनताको बीचमा भोट माग्न आउने राष्ट्रघात गरेका राष्ट्रघातीहरूलाई जनताको बीचमा नंगाउने र जनतालाई संसदीय नीर्वाचनले ल्याउने यस्तै राष्ट्रघात र जनघाती कार्यका विरुद्ध सचेत रहदै स्थानीय नीर्वाचनलाई बहिष्कार गर्ने महान अभियानमा लाग्न उत्प्रेरित गर्ने हो ।

क्रान्तिकारी माओवादीले निर्वाचन बहिस्कार गर्ने निर्णय गरेपछि प्रतिक्रियावादी र संशोधनवादी दलाल तत्वहरू र तिनीहरूको राज्यसत्ताले क्रान्तिकारी कम्युनिस्टहरूका विरुद्ध अनेकन घेराबन्दी र भ्रामक प्रचारहरू समेत गर्न थालेका छन् । प्रतिक्रियावादी र संशोधनवादी दलाल तत्वहरूको यस्ता घेराबन्दी र भ्रामक प्रचारहरूलाई जनताको बीचमा स्पष्ट पार्न पनि महान् वर्गसंघर्षको तयारी अनिवार्य हुने छ । वर्गसंघर्षको माम्यमबाट क्रान्तिकारीहरूको संगठन विस्तारन्दा नै प्रतिक्रियावादी र संशोधनवादी दलाल तत्वहरूको घेरावन्दीलाई तोडन सकिन्छ । र फेरी एक पटक नेपालका क्रान्तिकारी कम्युनिस्टहरू यो अग्नी परीक्षाबाट सफलतापुर्वक बाहिर निस्केर देशवाट दलालहरूको अन्त्य गर्दै जनताको सही व्यवस्था–जनगणतन्त्र नेपालको स्थापना आवश्यक छ ।

वर्तमानका लागि स्थानीय नीर्वाचनको सशक्त बहिस्कार नै नेपालका क्रान्तिकारी कम्युनिस्टहरूका निम्ति सही कार्यनीति हो । यो अग्नी परीक्षा हो र यसमा नेपालका क्रान्तिकारी कम्युनिस्टहरू खरो र दह्रो रूपमा उत्रिनु आवश्यक छ ।

hukumsingh2012@yahoo.com

## आलोपालो

# बुद्धिजीवीहरूबारे माओत्सेतुङ

*पुस्तकहरू पढ्नाले मात्र समस्याहरू छिन्न सकिँदैन । हामीले हिजो आजको परिस्थितिको अध्ययन गर्नुपर्दछ । व्यवहारिक अनुभव र ठोस सामग्रीको जाँचबुझ गर्नुपर्छ र ज्यामी र किसानहरूसित मित्रता कायम गर्नुपर्दछ ।समाजवादका लागि शुद्दिकरणको प्रश्न निकै महत्वपूर्ण छ ।*

दर्शनशास्त्रका क्षेत्रमा आकारमा सानो तर गुरुत्वपूर्ण पुस्तक हो माओत्सेतुङको दर्शनबारे पाँच कृति । उक्त कृतिमा चिनियाँ क्रान्तिका नायक माओत्सेतुङले पाँच दार्शनिक विषयलाई सरल तर निकै गहन रूपमा विश्लेषण मात्र गरेका छैनन्, त्यसको संश्लेषण पनि गरेका छन् ।बुर्जुवा बुद्धिजीवीहरूले दर्शनशास्त्र अजङ्ग र भयङ्कर वस्तुका रूपमा प्रस्तुत गर्दै दर्शनलाई सर्वहारा एवं श्रमजीवी वर्गले बुझ्न नसक्ने सिद्धान्तका रूपमा उभ्याए । माओत्सेतुङले त्यसको तीखो आलोचना गरेका छन् । दर्शनबारे पाँच कृतिमा माओत्सेतुङ भन्छन्, 'दर्शन एकदमै गहिरो विषय हो । यो २र४ जना दार्शनिक बुद्धिजीवीबाहेक अरुले बुझ्न सक्दैनन् भन्ने गरिएको छ । तसर्थ, दर्शनलाई प्रवचन कक्षबाट बाहिर निकाल, जनसमुदायको बीचमा पुऱ्याउँ र विज्ञानको कसरीमा प्रयोग गर ।' दर्शनबारे पाँच कृतिमा माओत्सेतुङले आफ्ना पाँच वटा गहन आलेखहरू प्रस्तुत गरेका छन् । माओले समाजवादी कालमा बुद्धिजीवीहरूको भूमिकाबारे पनि संश्लेषणात्मक मन्तव्य राखेका छन् ।चीनमा ५० लाख जति बुद्धिजीवीहरू छन्, त्यसमध्ये बहुसंख्यक बुद्धिजीवीहरू समाजवादको पक्षमा छन्, राष्ट्रिय एकता र देशभक्तिको पक्षमा छन्, उनीहरू जनतालाई माया गर्दछन् । त्यसमध्ये केही प्रतिशत बुद्धिजीवीहरू समाजवादलाई शंकाको दृष्टिले हेर्छन् । तर, साम्राज्यवादसँगको लडाइमा भने आफूलाई देशको पक्षमा उभ्याउँछन् । केही प्रगतिशील बुद्धिजीवीहरू पनि सर्वहारा वर्गको अधिनायकत्व रुचाउँदैनन् । उनीहरू फेरि पूरानो सत्ता फर्काउनका लागि ईच्छालु हुन्छन् । पूँजीवादी र सर्वहारावादी बाटोमध्ये उनीहरू पूँजीवादी बाटोसित बढी परिचित र लालयित हुन्छन् । यिनीहरू प्रगतिशील विचार त राख्दछन् । तर, प्रगतिशील व्यवहारका लागि कठोर सङ्घर्षमा सामेल हुन तयार हुँदैनन् ।बहुमत बुद्धिजीवीहरू चिनियाँ समाजवादको पक्षमा छन् । तिनीहरू मार्क्सवादप्रति सहानुभूति राख्दछन्, उनीहरू तुलनात्मक रूपमा मार्क्सवादसँग बढी परिचित छन् । तिनीहरू सर्वहारा वर्गको अधिनायकत्वको अडानमा दह्रोसित उभिन्छन् । तर, केही बुद्धिजीवीहरू बीच भागमा बसेका छन् । उनीहरू मार्क्सवादसित सहमत छैनन् । तर, मुखै खोलेर मार्क्सवादको विरोध गर्न सक्दैनन् । चीनमा मुलतः ३ खालका बुद्धिजीवी छन्, सुदृढ, ढुलमुल र शत्रुतापूर्ण । हामीले यो यथार्थलाई बुझेनौं भने प्रचार कार्यको महत्व बुझ्न सक्दैनौं । मार्क्सवादको प्रचार बिस्तार बिस्तार गर्नुपर्नेछ, राम्ररी गर्नुपर्नेछ, जसबाट मानिसहरू यसलाई खुसीले स्वीकार गर्न सकुन् । मानिसहरूलाई करकापले मार्क्सवाद स्वीकार गराउन सकिँदैन । उनीहरूलाई खाली सम्झाउन बुझाउन मात्र सकिन्छ । बुद्धिजीवीहरूको ठूलो संख्याले मार्क्सवादलाई मानेको खण्डमा, जीवन व्यवहारमा उत्पादन सङ्घर्ष, वर्गसङ्घर्ष

*बाँकी ७ पेजमा*

# स्थानीय निर्वाचन सक्रिय बहिस्कार गर्ने नेवाः राष्ट्रिय मुक्ति मोर्चाको निर्णय



काठमाडौं । नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालले बैशाख ३० गतेको स्थानीय निर्वाचनलाई सक्रिय बहिस्कार गर्ने निर्णय गरेको छ । चैत्र ४ गते बसेको बैठकले पैसाको खोलो बगाएर ठेकेदार, तस्कार, भ्रष्टाचारीहरूको खेल मैदान बन्ने गरेको गलत निर्वाचन प्रणाली भएको, सिंहदरबारको भ्रष्टाचार सेर स्थानीय सरकार भ्रष्टाचारको अखडा बनेको, स्थानीय जनतामाथि करमाथि करको महाबोझ थपेर जनतामारा बनेको, एमसीसी जस्तो राष्ट्रघाती सम्झौताको मौन समर्थक बनेको, विकास निर्माणका नाममा स्थानीय जनताको उठिबासको मौन समर्थक र साक्षी बनेको, नेवाः जातिको विनास गर्ने केन्द्रको योजना कार्न्वयनको मतियार बनेको, स्थानीय तहमा पहिचान र स्वायत्तता नभएको, प्रतिक्रियावादी संसदीय व्यवस्थाको तीनवटै अंग असफल भई त्यसले गर्ने सम्पूर्ण राष्ट्रघाती र जनघाती काममा हिस्सेदारी बनेर जनता चुस्ने थलो बनेको, नो भोटको व्यवस्था नभएको आदि गम्भिर कारणहरूले गर्दा स्थानीय निर्वाचनलाई मोर्चाले सक्रिय बहिस्कार गर्ने निर्णय गरेको मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले जारी गरेको प्रेस वक्तव्यमा उल्लेख छ ।

बैठकले आसन्न निर्वाचन बहिस्कार गर्न नेवाः मोर्चाले जनतामा अपिल गर्ने, घरदैलो मार्फत् बहिस्कार अभियान सञ्चालन गर्ने तथा निर्वाचन बहिस्कारको व्यापक रूपमा प्रचार प्रसार गर्ने र निर्वाचन बहिस्कारलाई आन्दोलनको रूपमा लैजाने निर्णय गथरिएको छ । अभियानसँगै मोर्चाको संगठन विस्तार गर्ने निर्णय समेत गरिएको छ ।


## डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं ।

**डढेलोले,**

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- देशको आर्थिक समृद्धिमा प्रतिकुल असर पार्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

**तौल पूर्ण, सुरक्षा सम्पूर्ण**

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न नसकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्या...स इण्डस्ट्रिज लिमिटेड
जुंगेखोला धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन नं. ४२८६८१६, सनाईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेलः metro@stcnepal.com




साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

www.nepalwelhope.com.np

तपाईको सन्तुस्टि हाम्रो शान हाम्रो पहिचान

**बिजय** पेलेट दाना



# नेपाल वेलहोप एग्री-टेक प्रा.लि.

भरतपुर-५ चितवन कल्याणपुर फोन नं. ०५६-५९११५३, ५९१७६६, E-mail : info@nepalwelhope.com.np

| मुख्य कार्यालय | शाखा उद्योग-१ | शाखा उद्योग-२ |
| --- | --- | --- |
| गैरीधारा, काठमाडौं | टंकीसिनवरी-२, विराटनगर, मोरङ | कोहलपूर-१४, पार्वतीपूर, बाँके |
| फोनः ०१-४४२२९४०/४४२२६०५ | फोनः ०२१-४२०७००/४२०६९४ | फोनः ०८१-४०३०८४ |

नेपालमा पहिलोपटक चिनीयाँ तथा नेदरल्याण्डको उच्च प्रविधिबाट तयार पारिएका कुखुरा, बंगुर तथा गाई भैंसीको दानाको लागि


**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।